# चण्डेनी मण्डनका माझी जातिमा आएको सामाजिक परिर्वतन : एक अध्ययन

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजीक शास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तीको आँशिक आवश्यकता परिपुर्तिको लागी प्रस्तुत**

**सोध पत्र**


प्रस्तुत कर्ता :-

**लोकदर्शन देवकोटा**

समाजशास्त्र/मानवशास्त्र, केन्द्रिय विभाग

त्रिभूवन विश्वविद्यालय

किर्तिपुर,काठमाण्डौ

# सिफारिश-पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयको स्नातकोत्तर उपाधीको आंशिक आवश्यकता परिपूर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा श्री लोकर्दशन देवकोटाले चण्डेनी मण्डनका माझी जातीमा आएको सामाजिक परिर्वतन : एक अध्ययन विषयमा यो शोध्र–पत्र तयार पार्नु भएको हो । म वहाँको कार्य प्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................

विनोद पोखरेल

त्रिभूवन विश्वविद्यालय

समाजशास्त्र/मानवशास्त्र, केन्द्रिय विभाग

किर्तिपुर,काठमाण्डौ

त्रिभूवन विश्वविद्यालय

समाजशास्त्र/मानवशास्त्र, केन्द्रिय विभाग

किर्तिपुर,काठमाण्डौ

मिति...............

त्रिभूवन विश्वविद्यालय

समाजशास्त्र/मानवशास्त्र, केन्द्रिय विभाग

किर्तिपुर,काठमाण्डौ

# स्वीकृत–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय, समाजशास्त्र/मानवशास्त्र विभाग अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको निमित्त श्री लोकर्दशन देबकोटाद्धारा तयार पारिएको यस शोधपत्र चण्डेनी मण्डनका माझी जातीमा आएको सामाजिक परिर्वतन : एक अध्ययन लाई उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मुल्याङ्कन समिति

मिति..............

# कृतज्ञता ज्ञापन

काभ्रेपलाञ्चोक जिल्लाको चण्डेनी मण्डन गाउँ विकास समिति अन्तरगत बसोबास गर्ने माझी जातीमा आएको सामाजिक परिर्वतन : एक अध्यन विषयमा प्रस्तुत शोधपत्र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आशिंक आवश्यकता पूर्ति गर्नको लागि तयार भएको हो ।

नेपाली समाज आफैमा विविध जातजातीको संगम स्थलका रुपमा रहिआएको छ । यिनै जातजाती मध्ये माझी जातीका विषयमा अध्ययन गर्न मलाई प्रेरणा दिनु हुने मेरा शुभ-चिन्तक मित्रहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सर्वप्रथम मलाई यो शोध अनुसन्धानको लागि स्वीकृति र प्रोत्साहन गर्नु हुने त्रि. वि. समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, किर्तिपुर, काठमाण्डौका शोध निर्देशक श्री विनोद पोखरेलज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधग्रन्थ तयार गर्ने सिलसिलामा फिल्डमा तथ्याङ्क सकंलन गर्ने क्रममा विभिन्न टोलटोलमा पुऱ्याई सूचना उपलब्ध गराउनु हुने रामु माझी र विष्णु माझी, गा.वि.स. बाट द्वितीय श्रोत उपलब्ध गराई थप सहयोग पुऱ्यउनु हुने गा.वि.स. का सचिब सन्तोषबहादुर विष्टलाई धन्यवाद दिन चाहन्छु । क्षेत्रगत अध्ययनको सिलसिलामा आवश्यक सहयोग पुऱ्याउनु हुने माझी जातीका उत्तरदाताहरु प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यो शोधपत्र सम्बन्धी कार्य समाप्त गर्नका लागि प्रेरणा र हौसला दिनुहुने मेरा अत्यन्त सहयोगी मित्र लगायत मेरा परिवारका सबै सदस्यहरु प्रति ऋणी छु ।

अन्त्यमा लेखन कार्यमा सहयोग पुऱ्याउनु हुने सरस्वती देवकोटा, क्युरीसा देवकोटा तथा मेरा आत्मिय दाजु मिनेश घिमिरे प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

लोकर्दशन देवकोटा

२०६८

# बिषय सूची

**अध्याय एकः (परिचय)**

१.१ अध्ययनको पृष्ठभुमी

१.२ माझी जातिको उत्पत्ती

१.३ समस्याको कथन

१.४ अनुसन्धानको उद्देश्य

१.५ अध्ययनको महत्व

१.६ अध्ययनको संगठन

**अध्याय दुईः (सन्दर्भ साहित्यको पुनरावलोकन)**

२.१ परिर्वतनको शैद्धान्तिक पुनरावलोकन

२.१.१ उद्‌विकासीय सिद्धान्त

२.१.२ संरचनात्मक  प्रकार्यवादी सिद्धान्त

२.१.३ मार्क्सवादी  सिद्धान्त

२.१.४ विश्व व्यवस्था सिद्धान्त

२.१.५ अनुकुलन प्रक्रिया

२.२  मानवशास्त्रीय दृष्टिकोणका परिवार

२.३  नेपालको सम्वन्धमा पुनरावलोकन

**अध्याय तीनः (अध्ययन विधि)**
३.१ अनुसन्धान ढाँचा
३.२ अध्ययन क्षेत्रको छनोट
३.३ तथ्याङ्कको प्रकृति र श्रोत
३.१.१ प्राथामिक श्रोत
३.१.२ द्वितिय श्रोत
३.४ अध्ययनको समस्या
३.५ तथ्याङ्क संकलन विधि
३.५.१ घरधुरी  सर्वेक्षण विधि
३.५.२ अवलोकन विधि
३.५.३  मुख्य व्यक्तिसगँ अर्न्तवार्ता
३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुती
३.७ अध्ययनका सीमाहरु
**अध्याय चारः (अध्ययन क्षेत्रको परिचय)**
४.१ चण्डेनी मण्डल गा.वि.स.को एक परिचय
४.२ जलवायु
४.३ प्राकृतिक वनस्पति
४.४ जनावर तथा पशुपन्छी
४.५ पिउनको लागि जलश्रोतको उपयोग
४.६ वाटोघाटो तथा यातायात
४.७ पूर्वाधारको विकास
४.८ सामाजिक स्थिति
४.९ नेपालका जात/जातिको जनसंख्या
४.१० काभ्रेपलाञ्चोक जिल्लाको जातजातिको जनसंख्या

४.११ चण्डेनी मण्डल गा.वि.स.को वडागत जनसंख्या
४.१२ चण्डेनी मण्डल गा.वि.स.को जातिगत विवरण

**अध्याय पाँच: (पारिवारिक संरचना र वैवाहिक प्रणाली)**
५.१ पारिवारीक ढाँचा
५.२ पारिवारीक वनावट
५.२.१ संयुक्त परिवार
५.२.२ एकात्मक परिवार
५.३ पारिवारीक संरचनामा आएको परिवर्तन
५.४ विवाह
५.५ विवाहको प्रकार र यसमा आएको परिवर्तन
५.५.१ मागी विवाह
५.५.२ चोरी/जारी विवाह
५.५.३ प्रेम/विधुवा विवाह
५.५.४ बहुपत्नी विवाह
५.६ परिवर्तित विवाह
**अध्याय छ: (पेशा व्यवशाय)**
६.१ माछा मार्ने
६.२ डुङ्गा चलाउने
६.३ पानि घट्टा चलाउने
६.४ वालुवा चालेर सुन खोज्ने
६.५ परिवर्तीत पेशा
६.५.१ कृषि

६.५.२ पशुपालन

६.५.३ ज्याला मजदुरी

६.५.४ रोजगारी

**अध्याय सात: (शारांश, निर्स्कष र सुझावहरु)**

७.१ शाराश

७.२ निश्कर्ष

७.२.१ शिक्षाको अभाव

७.२.२ मेहनती तर आर्थिक पछैटेपन

७.२.३ विकासको पूर्वधार र सामाजिक परिर्वतनको अभाव

७.२.४ आर्थिक पछौटेपन

७.२.५ सामाजिक परिर्वतनको अभाव

# अध्याय एक

## अध्ययनको पृष्ठभूमि

### १.१ परिचय

मानव जातिको विकास र विस्तारलाई प्रभावित पार्ने भु-खण्डको वितरणले गर्दा यहाँ विभिन्न जाती, धर्म, पेशा र संस्कृति भएका मानिसहरुको वसोवास छ । भौगोलिक वितरणको हिसावले क्षेत्र विशेषमा कुनै एक जातीको वाहुल्यता रहे पनि वर्तमानको आधुनिक तिव्र परिवर्तन आपसी सम्पर्क र आदान प्रदानले सवै नेपालीहरु एकिकृत सामाजिक संगठनको धरातलमा वाधिएका छन ।

सामाजिक सम्बन्ध आर्थिक, सास्कृतिक, राजनैतिक तथा प्राविधिक पक्षहरु सँग जोडीएर आउछ । सामाजिक परिर्वतन समाजमा आएको विविध शिक्षा, स्वस्थ्य, रोजगारी, विवाह, लिङ्ग, विवाहको उमेर, जस्ता विविध पक्षमा परिर्वतन भएको पाइन्छ । सामान्यतया उक्त सम्बन्धले समाजका विविध पक्षमा परिर्वतन भएको पाइन्छ । अत्याधुनिक सँचार, विकास, तथा विश्वब्यापीकरणले गर्दा कुनैपनि समाज समुदाय अलगरहन सकेको छैन् । जुन माझि जातिमा पनि अछुतो रहन सक्दैन ।

वौद्ध धर्म सम्प्रादायको उत्पति र विस्तारको थलोको रुपमा चिनिएको साथै पुरानो सिन्धु सभ्यताको समेत प्रभाव परेकोले यहाँ विभिन्न जाती, जनजाती र सम्प्रादायहरु प्राचिन कालदेखि नै वसोवास गर्दै आएका छन । नेपालमा पुर्व तर्फबाट मंगोलियनहरु वर्मा, असाम, भुटान, सिक्किम हुदै हिमालयको दक्षिण भागमा फैलिए भने पश्चिम तिर आर्यहरुको आगमन भारतको उत्तर पश्चिम क्षेत्रको सुख्खा भुमिबाट भएको हो । आगमनमार्गको कारण मंगोलियनहरु पुर्वी नेपालमा तथा खसहरु पश्चिमी क्षेत्रमा फैलिएता पनि नेपाल उनीहरुको साझा चौतारी हो । नेपाली सास्कृतिकको मौलिक पहिचान भनेको नै यहाँका अनेक जाती, भाषा र धर्मका मानिसहरु सामञ्जस्यतापुर्वक मिलेर रहनु हो । भौगोलिक विविधता संगै यहाँ जनजातीको मुलथलो पनि फरक पाईन्छ । नेपालमा ५९ प्रकारका जनजातिहरु बसोबास गर्दछन् । हिमाली प्रदेशमा मुख्य गरी बौद्ध धर्मावलम्बीहरुको रुपमा राई, लिम्बु, तामाङ्ग, गुरुङ्ग, शेर्पा, भोटे आदीको

बसोबास छ । पहाडी प्रदेशमा बाहुन, क्षेत्री, राई, मगर, जातिको वाहुल्यता छ भने उर्वर भुमी तराईमा थारु, राजवंशी, धिमाल, सतार जातीको बासस्थान छ । तर पनि वर्तमान अबस्थामा बिकाश क्रमको कारणले सबै क्षेत्रमा सबै जातिका मानिसहरु बसोबास गर्न थालेका छन्(सुचना विभाग, २०५५) ।

यसै सन्दर्भमा नेपालको बिभिन्न जातजातीको आगमन काँहाबाट कहिले भयो र यिनिहरुको मुख्य बासस्थान काहाँ हो भन्ने बारे बिद्वानहरु बिच मतान्तर देखिन्छ । किम्वदन्ती अनुसार कर्णाटकका राजा हरिसिंहदेवलाई शत्रुहरुले आक्रमण गरि सिम्रौनगढ राज्य पतन गराए पछी आफ्ना अनुयायीको साथ सुरक्षाको लागी नेपाल प्रवेश गरि नदिपार गरे तर शत्रुहरु नदि तर्न नसकी फर्केकोले त्यही नदि किनारमा सुरक्षित महशुस गरि वस्ती वसाले र उनकै सन्तानको रुपमा माझी जातिको विकास भयो । कसैले रामचन्द्रका सन्तान कुशका वशंज भनि कुशहर पनि भन्ने गर्छन् । कथन अनुसार वनमा वाल्मिकी आश्रममा वस्दा एकदिन सिता लवलाई लिएर डुल्न निस्किन त्यो कुरा वाल्मिकीलाई थाहा भएन वाल्मिकीले कोक्रोमा लवलाई नदेखेपछि लव चोरीएको ठानेर कुशको घाँस बाट वालक सृष्टी गराई कोक्रोमा सुताई दिए । सिता फर्कदा कोक्रोमा अर्को वच्चा देखेर छक्क परिन् । वाल्मिकीले यथार्थता वताई दिए र दुवै सन्तान ( लव र कुश ) हुर्काउने जिम्मा दिए सितालाई कालन्तरमा लवका सन्तान चेपाङ भए भने कुशको सन्तान कुशहर भए जसलाई माझीले आफ्नो पुर्खा भएको दावि गर्छन् । त्यसै गरी कसैले मुसलमानहरुको आक्रमण पछी सुरक्षाको लागी राजपुत रमणीहरुले आफ्नो पतिलाई छाडेर चितवनको भावर क्षेत्रमा आई वसे र त्यहीका वासिन्दा सगँ विवाह गरे र त्यहीवाट आफुहरु उत्पत्ति भएको विश्वास गर्छन् माझीहरु । यसप्रकार भारतको दक्षिण भागवाट नेपाल प्रवेश गरेका माझीहरु करिव २००० वर्षदेखी नेपालका आदिवासी हुन् भन्ने कुरामा थप आधार मिल्छ ।

## १.२ माझी जातिको उत्पत्ति

यिनीहरुको उत्पत्ति सम्बन्धी विषयमा बिभिन्न शोधकर्ता, विद्वान समाजशास्त्री बीच मतभेद

पाइन्छ । कुनै पनि जातिको जातीय इतिहास केलाउँदा त्यस जातिसँग सम्बन्धित अभिलेख, बंशावली, ऐतिहासिक विवरण जस्ता प्रमाणिक आधारहरुको आवश्यकता पर्दछ तर माझी जातिका बारेमा यस्ता प्रमाणिक आधारहरुको खाँचो छ, तसर्थ यिनीहरुको ऐतिहासिक स्थितिको अध्ययन गर्न कठिन छ ।

नेपालमा प्राचीन काल देखि नै मुख्यत इण्डोआर्यन, अष्ट्रोड्रवियन र मंगोलियन जातिहरु बसोबास गर्दै आएको पाइन्छ । नेपालको पूर्व तिरबाट मंगोलियनहरु र पश्चिम तर्फबाट आर्यहरुको आगमन भएको कुरा कतिपय विश्लेषकहरुले ब्यक्त गरेको पाइन्छ । नेपाल आगमन भन्दा पहिला मंगोलियनहरुको पूख्यौंली थलो हाल चीनको सिंचुवान प्रान्त हो । ३ थरीका मंगोलियनहरु मध्ये एक थरीका मंगोलियनहरु सर्वप्रथम बि.सं.१५०० तिर उत्तरी वर्मा, आसाम, भुटान सिक्किम हुँदै पूवी नेपाल प्रवेश गरेका थिए भने अर्का थरी मंगोलियनहरु सिधै तिब्बत र भोट भएर नेपाल प्रवेश गरेको पाइन्छ । यस्ता मंगोलियनहरुमा शेर्पा, तामाङ आदि छन् भने अर्का थरी मंगोलियनहरुको नेपाल आगमन बारे हालसम्म पनि स्पष्ट जानकारी प्राप्त हुन सकेको छैन् । यस्ता मंगोलियनहरुमा माझी, थारु आदि पर्दछन् । शारीरिक रुपमा हेर्दा माझीहरु होचा कद भएका, काला हुने भएकोले नेपालका कतिपय समाजशास्त्रीहरुले यिनीहरुलाई मंगोलियन समूह अर्न्तगत राखेको पाइन्छ (लामा, २०५९) ।

माझी जातिको अध्ययनको क्रममा अर्का विद्वान जनकलाल शर्माले आफ्नो लेखमा माझीहरुलाई थारु समुदाय भित्रको एउटा समूह मानेर थारुहरुका बिभिन्न थरहरु मध्ये एउटा थरको रुपमा माझी जातिलाई लिइएको पाइन्छ । माझीहरुका पूर्खाहरु थारुहरु हुन जो गण्डकी नदीको किनार र त्यसको आसपासका नदीनालाहरुमा बालुवा जम्मा गरेर सुन खोज्ने काम गर्दथे र उनीहरु भारतको सिन्ध प्रान्तबाट नेपाल प्रवेश गरेका हुन भन्ने कुरा ब्यक्त गरेका छन् (शर्मा २०३९) ।

हिरामणी शर्माका अनुसार माझी शब्द संस्कृत शब्दको मार्जकबाट बनेको हो र संस्कृतिमा मृजु शुदौ धातु छ जसको अर्थ हुन्छ शुद्ध पार्नु वा चोखो बनाउनु हुन्छ । माझीहरु वालुवा पखालेर सुन निकाल्ने काम गर्दछन् । यसलाई शुद्धिकरण भन्न सकिन्छ । संस्कृतिमा मार्जन कर्तालाई

मार्जक भनिन्छ र यसैका आधारमा मार्जक शब्दबाट माझी भएको हो । यो परिभाषालाई हेर्दा माझी स्वयम् जाति नभई उनीहरुको पेशाबाट नै माझी भएको देखिन्छ (शर्मा २०४२) । नेपाली वृहत शब्दकोषमा माझीहरुलाई पुख्यौंली देखि डुङ्गा खियाएर तथा माछा मारेर जिविकोपार्जन गर्ने एक जाति भनेर उल्लेख गरिएको छ । यिनीहरुको प्रमुख पेशा माछा मार्नु भएकाले यिनीहरुको जातीय नामाकरण र पेशाका बीचमा सम्बन्ध रहेको हुन सक्दछ।

नेपालमा छरिएर रहेका विभिन्न जाति जनजातिहरु मध्ये एउटा जातीय समुदाय माझी जाति पनि हो । प्राचीन कालदेखि नै नदी किनारमा बसोबास गरी माछा मार्ने र डुङ्गा चलाउने पेशालाई निरन्तरता दिदैं आएको यो जाति नेपालको पहाड, तराई, मित्री मधेश जस्ता क्षेत्रहरुमा फैलिएर रहेका छन्

प्राचीन समयमा नेपालमा कस्ता जातिहरुको आगमन भयो सो को ऐतिहासिक आधार खोज्न विभिन्न हिन्दु धर्म ग्रन्थहरु, कौटिल्यको अर्थशास्त्र, गोपाल वंशावली आदिलाई लिएको पाइन्छ, तापनि लिच्छविकाल अघि नेपालमा रहेका जातिहरुको बारेमा भरपर्दो प्रमाण पाउन सकिएको छैन । लिच्छविकाल पूर्वका जातिहरुमा नाग, गोपाल, महिषपाल, किराँत, शाक्य, कोली, गुप्ता, मल्ल, अभिर, खस, आदि थिए । त्यसै गरी मध्यकालमा जयस्थिति मल्ल र राम शाह आदिले पेशा अनुसारको जातजातिको विभाजन गरिदिए जुन अहिलेसम्म पनि काठमाण्डौं उपत्यकाको नेवार समाजमा प्रचलित रहेको पाइन्छ (पाँडे, २०५५) ।

यहाँका माझीहरुको सामाजिक चाल चलन, रितिरीवाज एंव परम्पराहरु आफ्नै किसिमका छन् भने विभिन्न संस्कारहरुले आफ्नो मौलिक विशेषता बोकेको पाइन्छ । विधवा विवाह, प्रेम विवाह जस्ता कुराहरुमा नारीलाई छुट दिएको पाइन्छ । छोरा सरह छोरीलाई पनि आजभोली स्कुल पढाउने गरेको पाइन्छ । यिनीहरुको समाजमा नाता सम्बन्धले विशेष महत्व पाएको पाइन्छ । खासगरी रक्त सम्वन्ध, बैवाहिक सम्बन्ध र मितेरी सम्बन्धले नातागोता कायम रहेको पाइन्छ । त्यसैगरी यहाँका माझीहरुमा सामुदायिक भावना प्रवल मात्रामा रहेको छ । यिनीहरु आफ्नो समुदाय भित्र रहेको समस्यालाई सकभर आफ्नै समुदायमा सुल्झाउने काम गर्दछन् ।(विष्ट २०३०)

यहाँका माझीहरुको संस्कृतिले आफ्नै किसिमको मौलिक विशेषता बोकेको पाइन्छ । न्वारान, पास्नी, छेवार, विवाह, बरखी, पितरा आदि प्रमुख संस्कार हुन् । विभिन्न चाडपर्व, पूजाआजा आदिमा गाउँका सबैजना एकै ठाउँमा भेला भएर नाचगान गरी रमाइलो गर्दछन् । यिनीहरुले मनोरञ्जन प्रति विशेष अभिरुचि राख्ने गरेको पाइन्छ । यहाँका माझीहरुले मागी विवाह, प्रेम विवाह र विधवा विवाह गर्ने गरेको पाइन्छ । यिनीहरुको खानपान, रहनसहन, भेषभूषा आफ्नै किसीमको छ । यिनीहरुको मुख्य खाना ढिडो, दाल, भात, रोटी, माछा, मासु, तरकारी रहेको पाइन्छ । खेतको तुलनामा बारी बढी भएको हुँदा यिनीहरु अन्य खाना भन्दा ढीडो बढी खाने गर्दछन् । पेय पदार्थको रुपमा जाँड, रक्सी यहाँका माझी पुरुष र महिला दुबैले प्रयोग गर्ने गरेको पाइन्छ । न्यून खेतवारी, परम्परागत खेती प्रणाली आदिले गर्दा बढ्दो जनसंख्यालाई धान्न धौं-धौं परेको देखिन्छ । जसले गर्दा आर्थिक अवस्था निकै कमजोर यहाँको माझीमा रहेको पाइन्छ । (विष्ट २०३०)

परम्परागत रुपमा चल्दै आएको र तत्कालिन समयमा प्रमुख पेशाको रुपमा रहेको माछा मार्ने, डुङ्गा चलाउने, पानी घट्टा चलाउने जस्ता कार्यहरु अहिले विविध कारणले गर्दा ओझेलमा पर्दै गएका छन र हाल उनीहरुले नयाँ पेशा पनि अगाल्न सकेको पाइदैन । विभिन्न सरकारी र गैर सरकारी तवरबाट विभिन्न कार्यक्रमहरु संचालन गरी यहाँका माझीहरुको आर्थिक उत्थान र सामाजिक चेतना अभिबृद्धि गर्नको लागि कार्यक्रम संचालन गरिरहेको भएतापनि यिनीहरुको जीवनमा खासै पूर्ण सकरात्मक परिवर्तन देखापर्न सकेको छैन । त्यसैले मुलुकको हरेक ठाउँमा बसोबास गर्ने जनजातिको खोजी गरी तिनीहरु भित्रका मूलभूत समस्याहरु के छन, ती समस्याहरुको मूल कारणहरु के-के हुन, ती समस्याहरुको समाधान गर्न के गर्नु आवश्यक हुन्छ भन्ने सम्बन्धमा उपाय समेत पत्ता लगाई समाधानको निमित्त मार्ग प्रशस्त गरी दिनुलाई चेतनशील नागरीकको कर्तव्यको रुपमा आत्मसात गरी सामाजिक, आर्थिक र शैक्षिक दृष्टिले

पिछडिएको माझी जातीको पारीबारीक संरचना बैबाहिक प्रणाली र पेशा ब्यबसायमा आएको परीबर्तन बारे अध्ययन अनुसन्धान गर्नु आवश्यक ठानी यो विषयको चयन गरिएको छ ।

नेपाल बहु-भाषिक, बहु-धार्मिक एंव बहु-जातिय मुलुक बन्न पुगेको छ । भौगोलिक विविधतासगैं नेपालमा रहेका विभिन्न जनजातिहरुको मूलथलोमा पनि फरक पाइन्छ । राष्ट्रिय जनजाति विकास समिति,२०५७ अनुसार नेपालमा ५९ प्रकारका जनजातिहरु बसोबास गर्दछन् ।

वि.सं. २०५८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २,३१,५१,४२३ छ भने माझी जातिको कुल जनसंख्या ७२,६१४ छ । यसरी नेपालको कुल जनसंख्याको ०.३२% जनसंख्या माझी जातिको रहेको देखिन्छ (तथ्याङ्क विभाग, २०५८) । मुलुकका विभिन्न ठाउँमा छरिएर बसोबास गरेका माझी जातिमध्ये केही काभ्रेपलान्चोक जिल्लाको चण्डेनी मण्डन गा.वि.स.मा पनि रहेको पाइन्छ । यहाँ ५१ घरघुरी माझीहरुको २७५ जनसंख्या रहेको छ ।

## १.३ समस्याको कथन

माझी जातिमा आएको परिर्वतनलाई हेर्दा यसमा विविध कारणहरु रहेका छन् :

आन्तरिक रुपमा हेर्दा आधुनिकिकरणसँगै आएको परिर्वतन जुन आर्थिक, प्राविधिक, सास्कृतीक, राजनैतिक विविध पक्षमा आएको परिर्वतन कारक तत्वको रुपमा देखिएको छ । परम्परागत रुपमा अपनाउदै आएको पेशामा आधुनिक विकास निर्माणको साथमा भएको परिर्वतन जस्ले गर्दा उनिहरुलाई वेरोजगारि बनाएको पाइन्छ । खोलामा पुल निर्माण जस्ता भैतिक विकास निर्माण रहेको छ ।

त्यस्तै समाजमा आएको आधुनिक अर्थ सम्बन्ध तथा प्राविधिक-सास्कृतिक सम्बन्धले ल्याएको आधुनिक शिक्षा, रोजगारिले गर्दा पेशा भन्दा वाहिर तीरका आर्कषणले नयाँ पुस्ताहरुले परिर्वनको दिसामा आर्कषण गरेको पाइन्छ ।

नेपालमा विभिन्न प्रकारका जाति जनजातिहरुको बसोबास रहेको छ । यिनीहरुको आफ्नै भाषा, संस्कृति र रहन सहन रहेको पाइन्छ । नेपाल जातीय विविधता जस्तै सास्कृतिक विविधता

भएको मुलुक हो । यहाँ भएका अन्य जाति जनजाति जस्तै छुट्टै सांस्कृतिक पहिचान भएको एक जाति माझी पनि हो । यो जाति लोक संस्कृतिको दृष्टिबाट धनी छ । माझी जातिमा आफ्नै विशिष्ट प्रकारको रीतिरिवाज, चालचलन, विभिन्न संस्कारहरु, चाडपर्व, मेला, जात्रा, पूजापाठ आदि अस्तित्वमा छन् । यस जातिको संस्कृति सिंगो नेपालको संस्कृतिको एउटा अंगको रुपमा रहेको छ तर वर्तमान अवस्थामा माझी जातिको संस्कृति क्रमशः लोपोन्मूख दिशामा गएको छ । कुनै पनि जात जातिको लोक संस्कृति त्यस जातिको मात्र नभएर सिङ्गो राष्ट्रकै सम्पत्ति हुन्छ । यस जातिको संस्कृतिलाई उचित संरक्षण नगर्ने हो भने एक दिन पुर्ण रुपले नै लोप हुन सक्दछ । यदि यो क्रमलाई नरोक्ने हो भने जातीय, भाषिक र सांस्कृतिक विविधतायुक्त नेपालको जुन विशिष्ट पहिचान छ त्यो एक दिन समाप्त हुन सक्दछ र नेपाल मौलिक संस्कृति विहीन राष्ट्रको रुपमा रुपान्तरित हुन सक्दछ ।

समाज स्थिर कुरा होइन । समय, परिस्थिति अनुसार यसमा पनि परिवर्तन भइरहन्छ र परिवर्तनको प्रभाव हरेक समुदायको संस्कार र पद्धतिमा देखा पर्छ । यसै क्रममा माझी समुदायको मौलिक संस्कृतिमा पनि परिवर्तन भईरहेको छ भन्दा अत्युक्ति नहोला । जुनसुकै जातिको सर्वांगीण विकासको लागि उसको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षको अध्ययन हुनु जरुरी छ । हालसम्म माझी जातिको बिस्तृत अध्ययन नभएको अवस्थामा विभिन्न क्षेत्र विशेषमा रहेका माझी जातिको प्रारम्भिक जनजीवन कस्तो थियो, विकास क्रममा के-कस्ता परिवर्तन भए र भविष्यमा उक्त जातिको पहिचान कस्तो बन्ने संकेत देखिएको छ भन्ने विषयमा गहनतम अध्ययन गर्नु वाञ्छनीय भएकोले यो विषय चयन गरिएको छ ।

## १.४ अनुसन्धानको उद्देश्य

यस अध्ययन को सामान्य उद्देश्य माझी जातिमा आएको सामाजिक परिर्वतन थाहा पाउनु हो ।

(क) अध्ययन क्षेत्रका माझी जातिको पारिवारीक संरचना, वैवाहिक प्रणालीमा आएको परीबर्तन थाहापाउने ।

(ख) माझी जातीको पेशा ब्यवसायमा आएको परिर्वतन थाहा पाउने ।

## १.५ अध्ययनको महत्व

नेपाल जातीय, भाषिक र सांस्कृतिक बहुलता भएको मुलुक हुनाले यहाँ रहेका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति भएका मानिसहरुलाई राष्ट्रको एउटै मूल प्रवाहमा समाहित गर्नु आजको आवश्यकता हो । यस अध्ययनमा माझी जातिको सामाजिक क्रियाकलापको बारेमा विस्तृत रुपमा अध्ययन गरी प्रकाश पार्ने प्रयत्न गरीएको छ । यस अध्ययनको सैद्धान्तिक र व्यवहारिक दुबै दृष्टिकोणबाट महत्व रहेको छ । सैद्धान्तिक महत्व अर्न्तगत यस अध्ययनबाट प्राप्त हुने जानकारीहरुले माझी जातिको सामाजिक, पक्षका स्वरुप र अवस्थाका बारेमा बोध गराउनाका साथै बिगतका अवस्थाका बारेमा समेत ज्ञान प्राप्त हुन सक्दछ । यस जातिको परम्परा, चालचलन, रीतिरिवाज आदिका बारेमा पनि सैद्धान्तिक ज्ञान प्राप्त हुन सक्दछ । यस ज्ञानबाट अन्य जातिगत स्वभाव, जातिहरु बीचको अन्तरक्रिया, त्यसबाट प्राप्त परिणामका बारेमा पनि थप सैद्धान्तिक ज्ञान प्राप्त हुन सक्दछ । यसका अतिरिक्त यस अध्ययनमा माझी जातिका विविध पक्षहरुको जानकारी समावेश गरिएकाले सो सम्बन्धी जानकारी लिन र अध्ययन गर्न चाहने जो सुकैका लागि पनि सघाउ पुग्न जाने देखिन्छ ।

## १.६ अध्ययनको संगठन

काभ्रेपलान्चोक जिल्ला चण्डेनी मण्डन गा.बि.स का माझी जातीको सामाजिक अबस्था एक अध्ययन शीर्षकको यस शोधपत्रलाई जम्मा ७ अध्यायमा बिभाजन गरिएको छ । पहिलो अध्यायमा पृष्ठभूमी शिर्षक अर्न्तगत परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, महत्व र अध्ययनको संगठन सम्बन्धमा चर्चा गरिएको छ । दोश्रो अध्यायमा सन्दर्भ साहित्यको पुनरावलोकन गरिएको छ भने तेश्रो अध्यायमा अध्ययन विधि शीर्षक अर्न्तगत अध्ययनको विधि, अध्ययन क्षेत्रको छनौट, तथ्याङ्कको श्रोत र प्रकृती, तथ्याङ्क को विश्लेषण र प्रस्तुती र अध्ययनको सिमाहरु बारे चर्चा गरिएको छ । चौथो अध्यायमा चण्डेनी मण्डन गा.बि.स को भौगोलिक विवरण, जनवार तथा पशुपन्छी, पिउनको लागि जलश्रोतको उपयोग, सामाजिक स्थिति र जनसंख्या रहेको छ । यस शोधपत्रको मुख्य विषयलाई पाचौं र छैटौं अध्यायमा काभ्रेपलान्चोक

जिल्ला चण्डेनी मण्डन गा.बि.स का माझी जातिको पारिवारिक संरचना वैवाहिक प्रणाली र पेशा व्यवसायमा आएको परिर्वतन शीर्षक अर्न्तगत माझी जातिको पारिवारिक संरचना परिवारको किसिम पारिवारिक ढाँचा, पारिवारिक संरचनामा आएको परिर्वतन, वैवाहिक प्रणाली, विवाहको प्रकार, विवाह प्रणालीमा आएको परिर्बतर्न, पेशा ब्यवसाय, परम्परागत पेशा, परिर्वतित पेशा, रोजगारि, र रोजगारिको अवस्था समाबेश गरिएकोछ । सातौ अध्यायमा अध्ययनको साराशं, निश्कर्ष र सुभावहरु प्रस्तुत गरिएको छ । साथै सन्दर्भ सामाग्रीहरुको सूची, माझी जातिमा प्रचलित केही शब्दावली र अर्थ, नक्शा तथा परिशिष्टमा अध्ययनको लागिप्रयोग गरिएको अनुसूचिहरु समावेश भएकाछन् ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

यस अध्यायमा सामाजि परिर्वतनका विभिन्न सैद्धान्तिक र अनुभवजन्य साहित्यहरुको समिक्षा गर्ने प्रयास गरिएको छ ।

### २.१ परिवर्तनको सैद्धान्तिक पुनरावलोकन

#### २.१.१ उद्धविकासवादी सिद्धान्त

यो सिद्धान्त अन्तर्गन मुख्य व्यवाख्याकारमा र्मोगान पर्दछन् । उनले समाज र सस्कृंति कमस विकास हुदै जान्छ भन्ने उल्लेख गरेका छन् । उनिपछिका व्याख्याकारमा Marx, engels, J.J. Bachofen, Sir henry, Summer maine आदि रहेका छन् । उनिहरुका अनुसार समाज विकासको एक रेखिय प्रकृया सँगै परिवार को विकास भएको हो ।

High points (1988) मा र्मोगान लाइ उद्धत गर्दै लेखिए अनुसार ५ प्रकारमा परिवार को समाज विकाससँगै विकास भएको र्मोगान ले उल्लेख गरेका छन् । जसमा the consanguine family, the punaluan family, the monogamous family.

र्मोगान कै भनाई उद्धत गर्दै Ball and Vogel: 1968 मा लेख्छन we have three main forms of family corresponding in general to  The three main stages of human development for savagery, group marriage for barbarism the pairing family for civilization monogamy.

मोर्गान को पहिलो भन्दा दोश्रो विश्लेषण वढि अस्पष्ट देखिन्छ । समग्र समाज विकासका क्रममा सख्ंयाका आधारमा देखा परेका परिवारवारे उनले प्रस्टाउन खाजेजस्तो देखिए पनि Pairing र monogamy बारे स्पष्टता छैन । Polyandry, polygymy बारे morgan मौन छन् । पहिलो विश्लेषण मा पनि matriarchal family बारे मौन छन् ।

Savagery, barbarism, civilization को निश्चित अवधि छुट्टयाइएको छैन । यि दुवै विश्लेशण वढि macro level का छन् ।

मोर्गान को विश्लेषण सँग सहमत हुदै engels ले १८८४ मा family, Private and state. भन्ने किताव निकालेका थिए सो किताबमा पनि मोर्गानले गरेका group marriage pairing family र monogamous family बारे विश्लेषण गरिएको छ । त्यहा पनि pairing family को विश्लेषण गरिएको छ । monogamous family private property को शुरुवात भएपछि भएको engels को विश्लेषण छ । Haralombus: 1980 मा Engels उद्धत गर्दै लेख्छन् :- "The Monogamous nuclear family developed with the emergence of private property in particular the private ownership of the force of production and advent of the state.

यसै Evolutionary of family structure from its beginning in primitive promiscuity to the final form of permanent monogamy.

***Leslie*** अगाडि लेख्छन् Bachofen assumed an original promiscuity and along with item actual supremacy of woman which resulted in the development of a matriarchy matriarchal Society gradually he says woman lost their power and the final stage of patriarche emerged. But main who secured his dates form ancent legal codes, not surprisingly, since the society he studied evere strongly patriarchal he concluded that the human family has been basically patriarchal.

Bachofen को भनाई हेर्दा प्राचिन समाजमा महिला जवसम्म शक्तिशाली थिए तवसम्म original promiscuity (स्वछन्द सम्भोग) थियो । विस्तारै महिलाको Power lost हुदै गएपछि समाज matriarchy बाट patriarchy मा रुपान्तरण भएको विश्लेषण छ । त्यस्तै Maine ले ancient legal code लाई आधार मान्दै समाज शुरुदेखि नै patriarchal थियो भन्ने निश्कर्ष निकाले ।

Maine को विश्लेषण उल्लेख गर्दै leslie लेख्छन् form this beginning, many writers reasoned that family system everywhere passed through a series of stages eventuating in western style monogamy from as hypothesized original

promiscuity summer believed that the beret stage might have been more or less durable informal monopoly of and as more woman by a man this stage called monoandry from monoaddry the nest stage probably was group marriage group marriage developed into polyandry and polyandry, and polyandry into polyandry the  stage of monogamy one wife was additional consorts precided the final development of monogamy.

मथिको पहिलो विश्लिेषणमा Bachofen / Maine दुवैले समाज विकासमा Power का आधारमा matriarchy / Patriarchy को विकासक्रमबारे देखाउन खोजेका छन् ।तर दोश्रो विश्लेषणमा परिवारको विकासक्रमबारे Maine ले प्रष्ठाउन खाजेका छन् । तर उनको विश्लेषणमा प्रयात्न प्रमाण छैन । Polyandry, monoandry group marriage मा किन र कसरी परिवर्तन भयो भन्नेमा Maine स्पष्ट छैनन् ।

Morgan, Bachofen, Maine सवै evolutionist भए पनि ३ वटै विच विश्लेषणमा पनि एकरुपता छैन र पछिल्लो समयमा भएका family का structural changes लाई कुनैले पनि समेटन सक्तैनन् ।

### २.१.२ सरंचनात्मक प्रकार्यबादी शिद्धान्त

परिवार सम्बन्धि मूख्य व्याख्याकारमा Talcott parcsons हुन र अन्त्यमा भने G.P. Murdock, Bell and vogel, G.R. Lesile आदि छन् । यो Theroy ले family structure को परिवर्तन सम्बन्धमा कम महत्व दिएका छन् । leslie ( 1979) मा लेख्छन् । "It focuses less on family change and more on the integration between the family and other institutions particularly the occupational system."

Structural functional analysis is one of the daminant orientation in modern sociology it is so pervasive that identification of which one or a few writers is sound to loss misleading the systematic application of structural functional theory to the family probably has been made by talcott parsons upon whase writings the discussion is base

- Structural isolation
- An open multilineal system
- Emphasis on the conjugal unit
- Integration with the occupation system

Family structure मा भएको historical change process र त्यको कारण र परिणाम लाई नै जोड दिदैन भने यो structure function theory कसरी परिवारको अध्ययन गर्न पर्याप्त हुन्छ । परिवार भित्र हुने परिवार conflict fragmentation लाई नै emphasis नगर्ने theory बाट कसरी परिवारको change को result बाहीर आउन सक्छ । त्यसैले नाम structure function भएर पनि परिवारको structural change को अध्ययनमा यो Theory प्रयाप्त छैन ।

मेलीनोस्कीको अनुसार :-

समाज तथा संस्कृतिमा जे जति संघसंस्थाहरु छन् । यी सबैले मानीसका आवश्यकता पुरा गर्दछ । विवाह, परिवार राजनैतिक संस्था मानिसका आवश्यकता पुरा गर्ने सन्दर्भमा जन्मेका हुन ।

व्राउनका अनुसार :-

एउटा सरंचनामा विभिन्न आन्तरिक तथा बाह्य इकाइहरु सबै पक्ष हुन्छन् । यी इकाइहरुका विचमा पारस्परीक कायम भई यी सबैले समाजको सरंचना तयार गर्न एकिकृत दिशामा लम्काउछन् ।

दुर्खीमका अनुसारः-

प्रकार्यात्मक विशिष्टीकरणले एबवद्ध गराउने र यही आधारमा सामाजिक प्रणाली जीवित रहने कुरालाई उल्लेख गरेका छन् ।

**२.१.३ माक्सवादी शिद्धान्त :-**

Marxist perspective मुलतः Morgan को विश्लेषणसँग नजिक भएर आएको देखिन्छ ।

family सग related या perspective बाट लेखिएको पुस्तक 'The family private

property and the state जुन engles ले 1884 मा लेखका हुन् यसमा engles ले 'family' र state लाई उत्पादनका साधनमा अधिपत्य जमाई राख्ने दमनका माध्यम मानेका छन् । यि दुवै institution को शुरुवात private property को विकासपछि भएको उनको विश्लेषण छ ।

सम्पुर्ण रुपमा नभए पनि society का हरेक component र समग्र social change बारे historical analysis गर्ने यो नै हाल सम्मको सर्वोत्कृष्ट theory हो । त्यसैले family structure को change बारे यो theory का मुख्य व्याख्याकारमा marx, engels र उनका अनुयायीहरुको विश्लेषण याहाँ निकै महत्वपूर्ण छ ।

पछिल्लो समयमा यस Theory अन्तर्गत लेख्नेमा Margret, Benston, J. Bernard, Kathy Mcafee, Myrna, Wood, Kathleen, Gough रहेका छन् । यिनीहरु लैंगिक विश्लेषक भएकाले यिनीहरुले family लाई लैंगिक विभेद र उत्पीडनको उद्गम विन्दु मान्दछन् । त्यसैले यिनीहरुको मूख्य जोड family मा हुने असमान power relation, यौन शोषण, महिला तथा बाचलबालिकामा हुने हिसां र अन्य विभेदको खोजी निरुपणको उपाय र समतामुलक समाज निर्माणमा केन्द्रित छ । तर समाजशास्त्री मिश्रको विश्लेषण केही उनीहरुको भन्दा बृहत छ ।

### २.१.४ विश्व व्यवस्था शिद्धान्त

वालेरस्टाइन, फ्रेन्क, समिरअमिन उनले विश्वलाई एउटा व्यवस्था भित्र राखेर हेर्दछन् । यसैगरी A.G. फ्रेन्कले परनिरभरता सिद्धान्तमा विश्वलाई दुई तहमा विभाजित गरेका छन् । यिनीहरुले गरिबको शोषण गर्दछन् ।

यसैगरी रोस्टोवले आधुनिकीकरण सिद्धान्तमा विकसितहरुको अुनसरण गर्ने विकसित बन्ने प्रकृयाको बारमेमा चर्चा गरेका छन् । यसरी आर्थिक, सामाजिक परिवर्तन भएको पाईन्छ ।

### २.१.५ अनुकुलन प्रकृया

समय, ईच्छा, चाहना, परिस्थिति, वातावरण, आवश्यकता अनुसार मानिसले नयाँ संस्कृतिको ग्रहण गर्दछ ।

मानिसले पुरानो संस्कृतिलाई समय र परिस्थिति अनुसार परिवर्तन गरि नयाँ संस्कृतिलाई समायोजन गर्दछ ।

जुन अनुकुलन प्रकृया अर्न्तगत पर्दछ । यसरी नै विभिन्न जातीको विचमा परिवर्तन भएको देखिन्छ । यसैगरि माझी जातीमा पनि परिवर्तन भएको छ ।

**२.२ मानव शास्त्रीय दृष्टिकोणमा परिवार**

Family को अध्ययन तथा विश्लेषणमा Anthropologist हरुको भुमिका अत्यन्त महत्वपुर्ण छ । L.H. Morgan, Henry Maine, Morgrate Mead, Kathleen Gough आदि छुट्याउन नमिल्ने खालका नाम हुन ।

Anthropologist Mead ले विभिन्न Field Work हरु Bali, Indian Sub continental, Guinea, Samoa, आदिमा गरेका अध्ययनबाट पत्ता लगाएको तथ्यहरुले Social Control, Socialisation, Power Relation, आदि सम्बन्धमा Society को Role बारे महत्वपुर्ण जानकारी प्रदान गर्दछन् । Mead ले Sociological perspective बाट अध्ययन विश्लेषण गरेतापनि उनका तथ्यहरुले के बोल्दछन भने सामाजिक नियन्त्रण बढी भएका परिवार, समाजमा सामाजिक विचलन धेरै हुन्छ । केटाकेटी धेरै Aggressive हुन्छन् । सामाजिक नियन्त्रण कम भएका परिवार समाजमा सामाजिक विचलन कम हुन्छ । त्यस्तै केटाकेटीलाई सामाजिकीकरणमा पनि जस्तो व्यक्ति जुन उमेरको व्यक्तिबाट गरायो त्यही तहको संस्कृतिको तह ग्रहण गर्दछन् भन्ने निर्ष्कष निकालेका छन् । त्यस्तै सामाजिक, पारिवारिक तहको Power Relation सम्बन्धमा पनि जुन समाजमा Matriarchy छ त्यहाँ महिलाको स्तर उच्च छ । जहाँ Patriarchy छ त्यहाँ पुरुषको स्तर उच्च छ भन्ने निष्कर्ष निकाल्दछन् ।

मानव शास्त्री Kathleen Gough को विश्लेषण पनि Eangels र अगाडि उल्लेख गरिएका Marxist , Gender Analyst सँग मिल्दोजुल्दो छ । Gough का अनुसार सुरुबाट नै महिलालाई Status, Mobility र Public Relationship मा दवाईंदै आएको छ । उनका अनुसार शुरुमा यो क्रम कम भए पनि कृषि क्रान्ति पछि जब Sexual Division of Labour शुरु भयो त्यस पछि महिलाको स्थिति झन् झन् खराव हुँदै गयो । महिला माथि हुने शोषणको शुरुवात सम्बन्धमा Gough भन्छन् -The Exploitation of Women that come with the rise of the state and of the Class Society with Presumbly disappeared in past state classes society for which the technological and scientific basis already exist.

## २.३ नेपालको सम्बन्धमा पुनरावलोकन,

नेपालमा विभिन्न जातजाति र समुदायका मानिसहरुको बसोबास रहेको पाइन्छ । यस देश मानवशास्त्रीय दृष्टिकोणले अध्ययन अनुसन्धानको निम्ति स्वर्ग नै हो भन्न सकिन्छ । (बिष्ट २०५२)

यस समुदायमा ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्णहरु छन् । यस्ता विभिन्न जात-जातिहरुको बारेमा बिभिन्न पुस्तक, पत्र-पत्रिका र लेखहरु जे जति प्रकाशन भएको छ, त्यसको तुलनामा माझी जातिको बारेमा ज्यादै न्यून अध्ययन भएको पाइन्छ । बिभिन्न जातजातिहरुलाई समेटेर लेखिएका पुस्तक भित्र कतै छोटा शिर्षक त कतै अत्यन्त छोटा उप-शिर्षक राखेर मात्र माझी जातिको बारेमा लेख रचनाहरु प्रकाशित भएको पाइन्छ । यिनीहरुको इतिहास, रहनसहन, संस्कृति आदिलाई समेटेर लेखिएको शोधपत्र बाहेक यस जातिको बारेमा मात्र लेखिएको पुस्तक प्रकाशन भएको पाइदैन । यो शोध-पत्र एक जनजातीय (Ethnographic) अध्ययन भएकोले यस अध्यायमा नेपालका विभिन्न जाति, जनजातिका बारेमा विगतमा गरिएका अध्ययन, अनुसन्धानहरु र प्रकाशित अप्रकाशित अन्य सामाग्रीहरुलाई सन्दर्भ साहित्यका रुपमा समेटेर तिनका छोटो समिक्षा गरिएकोछ । यसरी उल्लेख गर्ने क्रममा प्रकाशित मितिको आधारमा क्रमबद्ध गरिएको छ ।

Dwivedi, Pashupati Kumar, Nepalese Society, (Kathmandu: National Museum), 1982.

यस पुस्तक नेपालका विभिन्न जातजातिको बारेमा अध्ययन गर्न निकै उपयोगी छ । लेखकले यस पुस्तकमा नेपालको धर्म, संस्कृति, कला, कौशलको बारेमा ब्याख्या गर्दै यहाँ बसोबास गर्ने बिभिन्न जातिहरुको बारेमा उल्लेख गरेका छनू । लेखकले उक्त पुस्तकको पृष्ठ १५१ मा "दरै, दनुवार र माझी" शिर्षक दिई दनुवार, दरै र माझी जातिको संस्कृति एवम् शारीरिक संरचना थारु जातिसँग तुलना गरिएको छ । करिव १,००० वर्ष पहिले देखि नेपालको भित्री मधेस र पूर्वी तराईमा बसोवास गरेको कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा पनि माझी जातिको बारेमा

विस्तृत ब्याख्या भएको छैन । तराईका माझी जातिको बारेमा मात्र थोरै ब्याख्या उक्त पुस्तकमा गरेको पाइन्छ । पहाडमा बस्ने माझीहरुको बारेमा उक्त पुस्तक मौन रहेको छ ।

Hamilton, Francis Buchanan, An Account of the Kingdom of Nepal, (New Delhi: Asian Edocation Service), 1986.
हेमिल्टनले नेपालको इतिहास बारेमा खोजनीति गरी सन् १९८६ मा यो पुस्तक प्रकाशन गरेका हुन । यस पुस्तक भित्र तत्कालीन नेपालको बाइसे र चौबिसे राज्यहरु तथा सेन वशंको बारेमा वर्णन गरेका छन् । यस पुस्तकमा बिभिन्न जातिहरु बारेमा उल्लेख गरेका छन् । लेखकले पृष्ठ २१ मा माझी जातिको बारेमा उल्लेख गरेका छन् । लेखकले उक्त पुस्तकमा माझी जातिलाई खस जाति र हिन्दु धर्मावलम्बी समुह अर्न्तगत राखी तिनीहरुलाई सैन्य सेवामा प्रवेश गरेका थिए भन्ने कुरा उल्लेख गरेका छन् ।

*न्यौपाने गोविन्द, नेपालको जातीय प्रश्न काठमाण्डौं, (सेन्टर फर डेभलपमेन्ट स्टडिज), सन् २000*
लेखकले यस पुस्तकमा माझी जातिलाई मंगोल, किराँत प्रजाति एवं भाषिक समुह भित्र पर्ने जातिको रुपमा चर्चा गरेका छन् ।

*विष्ट डोरबहादुर, सबै जातको फूलबारी, (ललितपुरः साझा प्रकाशन), बि.स. २०३०*
नेपालमा बसोबास गर्ने बिभिन्न जातजातिहरुको बारेमा यस पुस्तकमा उल्लेख गरेको पाइन्छ । उक्त पुस्तकको पृष्ठ ९९–१०३ सम्ममा माझी जातिको बारेमा उल्लेख गर्दै भनेका छन्- पहाडमा माझी भनिने जातिलाई तराई वा भित्री मधेशमा बोटे र चितवनमा कुशहर भन्ने पनि चलन छ । माझी जाति घर छोडेर टाडा नजाने, नदी किनारमा बसोबास गरी डुङ्गा तार्ने र माछा मारेर जीविका चलाउने गर्दछन भनी उल्लेख गरेका छन् । यस पुस्तकमा सबै जातिहरुलाई समेट्न सकेका छैनन् । यस अध्ययनको लागि आवश्यक पर्ने माझी जातिसँग सम्बन्धित कुरा पनि ज्यादै कम छ (पाण्डे २०५५) ।

नेपाल परिचय पुस्तकमा लेखकले माझी, कुशहर, बोटे तराई र भित्री मधेशका दुनतिर बसाई भएका तथा भारोपेली भाषा परिवार अर्न्तगत पर्ने उल्लेख छन् ।

पौड्याल, हिरामणी, बोटे भाषाको अध्ययन, बि.स. २०४२ यो पुस्तक बोटे भाषाको शोधकृतिको रुपमा प्रकाशनमा आएको हो । यस पुस्तकमा नेपालका भित्री मधेश र पहाडका नदी किनारमा बसोवास गरी डुङ्गा खियाउने र वालुवा चालेर सुन निकाल्ने जस्ता परम्परागत जातीय ब्यवशाय अंगाल्दै आएका बोटे जातिको बारेमा ब्याख्या गरिएको छ । उक्त पुस्तकमा लेखकले माझी जाति र बोटे जातिको बीचमा तुलना गर्दै पश्चिम पहाडका बोटे र पूर्वी पहाडका माझी एउटै जाति भए तापनि स्थान बसोबासको कारणले यिनीहरुले प्रयोग गर्ने भाषा अलग भएको भन्दै शुरुमा यिनीहरु एउटै समाजबाट अलगिएका भए पनि हाल यिनीहरुको अलग-अलग भाषा छन् भन्ने कुरा ब्यक्त गरेका छन् । यसरी सो पुस्तकमा माझी र बोटेलाई एउटै रुखका दुई हाँगाको रुपमा परिभाषित गरेका छन् ।

भूपहरी पौडेलले धर्म दर्शन ( वर्ष ५, अकं २ )मा मन्थलीका माझीहरुको किपट लेखमा प्राचिनकालमा मन्थलीमा माझीहरुको राज्य भएको र तामाकोशीमा दरवार रहेको उल्लेख छ ।

त्यस्तै शेंखर कोइरालाले कोशी प्रदेशका माझी जातिको रुपमा चित्रित गर्दै माझी जातिलाई आदिवासी नभएको बताएका छन्, तर त्यसको औचित्य पुष्टि गरेका छैनन् ।

नन्दलाल पाण्डेले माझी बस्तीको ऐतिहासिक आर्थिक झलक (मधुपर्क वर्ष ९, अकं ११)लेखमा माझीहरुको वासस्थान हेटौंडा, नारायणगढ, कुरिनटार, खैरनीटार, सिसुवा, वेगनास, रुपातालको छेउमा रहेको उल्लेख गरेका छन् ।

यमेश कुमारले पूर्वी नेपालका माझी जाति (हाम्रो सस्कृति वर्ष-३, अकं-३ ) लेखमा माझीहरु भारतबाट सप्तकोशी र अन्य नदी हुदै नेपाल प्रवेश गरेको अनुमान गर्दै यिनीहरुको भाषालाई आर्य परिवार अर्न्तगत राखेका छन ।

राजेश गौतमले चितवनका माझीहरु ( झन्कार, वर्ष २६, अकं-३ ) शीर्षकमा यिनीहरु रामचन्द्रको वंशज अर्थात कुशको सन्तान भएको उल्लेख छ ।

डिल्लीराम मिश्रले गण्डकीका माझी जाति (गरिमा वर्ष ७, अकं ५) लेखमा माझी जातिलाई पानी बोटे र पाखेबोटे  थरमा विभाजन गरी यिनीहरु ब्राम्हणले पकाएको दाल खादैनन् भन्ने किंवदन्ती उल्लेख गरेका छन् ।

नवराज थापाले माझी आफ्नै मौलिक संस्कारमा बाँचीरहेका जाती (मधुपर्क वर्ष ३०, अंक-५) मा माझी जातिको नामाकरण, विवाह र मृत्यु संस्कारबारे चर्चा गरेका छन् । माझीहरुको प्राचीन वासस्थान सिन्धुली रहेको उल्लेख गर्दै शारीरिक बनावट मंगोलियनसँग मिल्दो जुल्दो भएको बताएका छन् ।

यसैगरी विभिन्न शोधकर्ताहरुले आफ्नो श्रोत विषयको रुपमा माझी जातिको छनोट गरी तत् सम्बन्धी तथ्य उजागर गर्ने प्रयास गरेका छन् ।
विजया प्याकुरेलको माझी जातिको सामाजिक-सांस्कृतिक अध्ययन (२०२७),

राजनऋषि कँडेलको रामेछाप जिल्ला चिसापानी गा.वि.स. का माझी जातिको अध्ययन (२०५५),

ईश्वरीप्रसाद पोखरेले सर्लाही जिल्ला भक्तिपुर गा.वि.स. का माझी जातिको अध्ययन (२०५९),
भाष्कर ज्ञवालीको गुल्मी जिल्ला बम्धा गा.वि.स. का माझी जातिको अध्ययन (२०५८)

प्रेमध्वज लामाको सिन्धुपाल्चोक जिल्ला भिमटार गा.वि.स. का माझी जातिको अध्ययन (२०५९) आदि शोध शीर्षक अन्तर्गत माझी जातिको अध्ययन गरिएको छ ।

यसबाहेक विभिन्न समसामायिक पत्र-पत्रिकामा पनि माझी जातिबारे चर्चा गरेको पाइन्छ ।

माझी जातिको बसोबास नेपालका ६६ जिल्लाका नदी किनारको तटमा रहेको पाइन्छ। यस प्रकार प्रकाशित अप्रकाशित विभिन्न लेख, रचना, पुस्तक, अनुसन्धान कार्य आदिमा व्यक्त गरिएका विचार र धारणाको आधारमा माझी जातिलाई नदी किनारमा बसोवास गरी पुख्यौली रुपमा माछा मार्ने र डुङ्गा खियाउने जातिको रुपमा चित्रण गर्न थप प्रमाण मिल्छ । क्षेत्र विशेष अनुसार आफ्नै मौलिक संस्कृतिले सु-सम्पन्न यस जातिको समाजशास्त्रीय अध्ययन महत्वपूर्ण हुने हुनाले काभ्रेपलान्चोक जिल्ला चण्डेनी मण्डन गा.बि.स  का माझी जातिको अध्ययनको सान्दर्भिकता पुष्टि हुन्छ ।

# अध्याय तीन

## अध्ययन विधि

### ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा वर्णनात्मक अनुसन्धान रुपरेखा प्रयोग गरिएको छ र शोधका लागि आवश्यक पर्ने तथ्याङ्क, जानकारी र सूचनाहरु पनि यही पद्धति अनुकूल हुनेगरी संकलन गरिएको छ । काभ्रेपलान्चोक जिल्ला चण्डेनी मण्डन गा.बि.स का माझी जातिको पारिबारीक संरचना, बैबाहिक प्रणाली र पेशा ब्यबशायमा आएको परीबर्तन वारे विश्लेषणात्मक प्रस्तुति गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट

माझी जातिको बसोबास नेपालका ६६ जिल्लाका नदी किनारको तटमा रहेको पाइन्छ । काभ्रेपलान्चोक जिल्ला पनि माझीहरुको पुरानो थाकथलो मध्य एक प्रमुख बसोबासको क्षेत्र हो । यस जिल्लाको चण्डेनी मण्डन गा.वि.स.वडा नं २ मा बसोबास गर्ने माझी जातिलाई छानिएको छ । यहाँ माझी जातिको ठूलो बस्ती रहेको छ । सामाजिक क्षेत्रमा पछाडि परेको यो समुदायको आफ्नै इतिहास, र सामाजिक प्रणाली छन् । यसको साथै अध्ययनकर्ताको सामान्य जानकारीभित्र पर्ने क्षेत्र भएकोले यस ठाँउलाई अध्ययन क्षेत्रको रुपमा छनौटको सान्दर्भिकता बढेको हो।

### ३.३ तथ्याङ्कको प्रकृति र श्रोत

अध्ययनको उद्देश्य पूरा गर्नको लागि र शोधपत्रलाई भरसक यथार्थपरक बनाउन तथ्याङ्क सङ्कलन २ किसिमले गरिएको छ ।

#### ३.३.१ प्राथमिक श्रोत

प्राथमिक श्रोतको आधारमा तथ्याङ्क सङ्कलन गर्न अध्ययनकर्ता अध्ययन क्षेत्रमा पुगेर घरधुरी

सर्वेक्षण फारम वितरण, हरेक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुसँग अन्तवार्ता, अनुसूची प्रश्नावली, माझी जातिको जनजीवन, रहनसहन, भेषभूषा आदिको स्थलगत अबलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीय श्रोत

यस अन्तर्गत माझी जाति बारे प्रकाशित, अप्रकाशित विभिन्न पुस्तक, पत्र-पत्रिका, लेख रचना, अभिलेख, शोधपत्रहरु गा.वि.स., जि.वि.स.बाट प्राप्त तथ्याङ्कहरु चण्डेनी मण्डन गा.वि.स.मा सञ्चालित विभिन्न गैर सरकारी संस्थाले समय-समयमा लिएका तथ्याङ्कहरु विद्यालय श्रोत केन्द्रहरु र नेपाल सरकारले समय-समयमा प्रकाशित गरेका तथ्याङ्कहरु तथा अन्य सन्दर्भ सामग्रीहरुलाई लिइएको छ । चण्डेनी मण्डन गा.वि.स.का माझी जातिको जीवनशैलीमा पनि निरन्तर परिवर्तन भइरहेको हुँदा द्वितीय श्रोतलाई भन्दा प्राथमिक श्रोतलाई विश्वसनीय रुपमा लिई दुवै श्रोतका तथ्याङ्कहरुको सामञ्जस्यपूर्ण प्रस्तुती यहाँ रहेको छ ।

## ३.४ अध्ययनको समग्रता

चण्डेनी मण्डन गा.वि.स.को वडा नं. २ अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको र अध्ययनलाई विश्वसनिय वनाउन उक्त गाउँको सम्पूर्ण माझी घरपरिवारलाई यस अध्ययनको समग्रताको रुपमा राखिएको छ । अध्ययन क्षेत्रको वातावरण सानो भएको हुदाँ यस गा.वि.स.को वडा नं २ मा रहेको सम्पूर्ण माझी जातिको ५१ घरघुरीलाई नै अध्ययन क्षेत्रको लागि छनौट गरिएको छ ।

## ३.५ तथ्याङ्ग संकलन विधि

तथ्याङ्क सङ्कलनको लागि निम्न विधिहरुको प्रयोग गरिएको छ ।

### ३.५.१ घरधुरी सर्वेक्षण

यसका विधिद्वारा अनुसन्धान क्षेत्रभित्रका छनौटमा परेका ५१ घरधुरीका उत्तरदाताहरुलाई पहिले नै तयार पारिएको घरधुरी सर्वेक्षण प्रश्नावली फाराम भराई माझी जातिका विविध पक्षबारे

तथ्यहरु संकलन गरि यस प्रविधिमा घरधुरी सर्वेक्षण गरिएको हुँदा तथ्याङ्कको विश्वसनीयता र वैधता पुष्टि गर्ने थप आधार प्रदान गरेको छ । साथै माझी जाति सम्बन्धी विशेष जानकारी भएका समाजका बुद्धिजीवी, समाजसेवी, शिक्षक तथा बूढापाका व्यक्तिहरुसँग निर्मित/ अनिर्मित दुवै प्रकारका प्रश्नहरु सोधी माझी जातिका विविध पक्षहरुबारे जानकारी लिइ यसबाट गुणात्मक प्रकृतिका तथ्याङ्क संकलनमा सघाऊ पुग्यो ।

### ३.५.२ अवलोकन विधि

तथ्याङ्क संकलन गर्न अर्ध सहभागी अवलोकन पद्दतिलाई अपनाइएको छ । अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा पुगेर माझी जातिको खाने, सुत्ने, बस्ने तरिकादेखि लिएर घरको बनावट, खेती गर्ने तरिका, माछा मार्न प्रयोग गरिने विभिन्न औजारहरु (जाल, बल्छि, थकौली) आदिको प्रयोग, पशुपालन गर्ने तरिका, उनीहरुले लगाउने गरगहना, लुगाफाटा, गाउँबस्तीको बनावट विभिन्न चाडपर्व र जात्राहरु आदिको अवलोकन विधिद्धारा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.३ मुख्य व्यक्तिसँगको अन्तर्वार्ता

यो प्रविधि अपनाएर माझी जातिको जातिगत पहिचान, विकास, धर्म-संस्कृति, पूर्ख्यौली थलो उनीहरुको उत्पत्तिका कुराहरु आदिका बारेमा सम्बन्धित व्यक्तिहरुसँग अन्तर्वार्ता लिइएको छ । जसमा विशेष जानकारी भएका मुख्य व्यक्तिहरु, स्थानिय बृद्ध-बृद्धा, स्थानीय पूर्व जन-प्रतिनिधि, शिक्षक, व्यापारी, सामाजिक कार्यकर्ता सहजकर्ता र उनीहरुको बारेमा नजिकबाट अध्ययन गर्दै आएका ब्यक्तिहरु आदिसँग निर्मित/अनिर्मित प्रश्नहरु सोधी माझी जातिको सामाजिक स्थिति र त्यसमा देखापर्दै आएका परिवर्तनका विषयमा केन्द्रित रही तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुती

प्राथमिक तथा द्वितीय श्रोतको माध्यमबाट संकलित तथ्याङ्कहरुलाई तिनीहरुको प्रकृतिको आधारमा वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गरिएका तथ्याङ्कहरुलाई ब्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरुलाई आवश्यकता अनुसार ब्याख्या विश्लेषण

गरी तथ्यपरक, बोधगम्य बनाउन त्यसलाई विश्लेषण र बिस्तार गरिएको छ । परिमाणात्मक प्रकृतिका तथ्याङ्कहरुलाई आवश्यकता अनुसार प्रभावकारी बनाउन तुलनात्मक र वैध बनाउन तालिकाको प्रयोगबाट सारांश प्रस्तुत गरिएको छ

## ३.७ अध्ययनका सीमाहरु

कुनै निश्चित उद्देश्य प्राप्तिका लागि गरिने अनुसन्धान निश्चित क्षेत्र विशेषमा तथा सीमित समयावधीमा सम्पन्न गरिने हुनाले यसबाट प्राप्त परिणाम र निष्कर्षहरु पनि तत् अवस्थामामात्र मानिने र सामान्यीकरण हुन्छन् । अध्ययनको औचित्य पुष्टि हुने सीमित क्षेत्रलाई नै अध्ययनको सीमा भनिन्छ ।

क) यो अध्ययन एउटा गा.वि.स. क्षेत्रमा मात्र सीमित रही गरिएको हुनाले यसबाट प्राप्त निष्कर्षहरु अन्य क्षेत्र र परिवेशमा मेल नखान सक्छन् किनभने कुनै एक स्थानमा बसोबास गर्ने माझी जातिको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था अन्य क्षेत्रमा बसोबास गर्ने माझीहरुसँग नमिल्न सक्छ । यदि मिलेको खण्डमा पनि निश्चित समायावधिका लागि मात्र हुनसक्छ र केही समयपछि त्यसमा परिवर्तन हुन सक्ने हुनाले यस अध्ययन अनुरुप लागू नहुन सक्छ ।

ख) यो अध्ययन छोटो समयावधिमा गरिएको हुनाले संकलन गर्नुपर्ने सबै तथ्याङ्कहरु प्राप्त गर्न समय पर्याप्त नहुने भएकोले प्राप्त तथ्यहरु अपुरो रहन सक्छ ।

ग) यो अध्ययनको निमित्त चाहिने श्रोत र साधनहरु सिमित खर्चमा जुटाई गरिएको हुनाले विस्तृत अध्ययन गर्न सम्भव छैन । तैपनि यस अध्ययनलाई सकेसम्म विस्तृत र व्यापक बनाउने प्रयास गरिएको छ ।

घ) यो अध्ययन कुनै सिद्धान्त लागू गरेर गरिएको छैन । यसमा वर्णनात्मक र व्याख्यात्मक रुपमा माझी जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ ।

ङ) यस अध्ययन काभ्रेपलान्चोक जिल्ला चण्डेनी मण्डन गा.बि.स को पनि एउटा वडा क्षेत्रमा

सीमित रही गरिएको हुनाले यसले नेपालको अन्य भू-भागमा बसोबास गर्ने माझी जातिको पारिवारिक संरचना, बैबाहिक प्रणाली र पेशा ब्यबसायमा आएको परिर्बतन अन्य ठाउँमा बसोबास गर्ने माझीहरुसँग नमिल्न पनि सक्दछ। तसर्थ यस अध्ययनको आधिकारिकता सम्बन्धित स्थानका माझी जातिको सम्बन्धमा मात्र रहने छ।

च) प्रस्तुत अध्ययन समय, साधन र लागतको परिधिभित्र रही अध्ययन गर्नुपर्ने परिस्थिति विद्यमान रहेकाले चण्डेनी मण्डन गा.वि.स.को पनि एउटा वडामा बसोबास गर्ने ५१ घरघुरी रहेका माझी घरपरिवारलाई अध्ययनको क्षेत्र लिइएको छ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

अध्ययन विषयको तुलनात्मक बोधका लागि अध्ययन क्षेत्रको भौगोलिक स्थिति, हावापानी, मानिसको बसोबास र प्राकृतिक एवं भौतिक अवस्थाका बारेमा स्पष्ट पार्नु आवश्यक पर्दछ । भौगोलिक दृष्टिबाट नेपाललाई तराई, पहाड, र हिमाल गरी तीन प्रदेशमा विभाजन गरिएको छ । यही भौगोलिक विविधताका कारणले ती प्रदेशका भू-धरातल, हावापानी, उत्पादन तथा जातजाति र  तिनीहरुको रहन सहन, संस्कृति र बसोबासमा समेत भिन्नता रहेको पाइन्छ ।

### ४.१ चण्डेनी मण्डन गा.वि.स.को एक परिचय

नेपाल अधिराज्यको मानचित्रमा काभ्रेपलाञ्चोक जिल्ला ८५°२४' देखि ८५°५३' पूर्वी देशान्तर र २७°२०' देखि २७°४५' उत्तरी अक्षांश बीच फैलिएर रहेको छ । यस जिल्लाको क्षेत्रफल १३९६ वर्ग कि.मि. रहेको छ । यस जिल्लाको सदरमुकाम धुलिखेल हो । यस जिल्लालाई ८७ गा.वि.स. ३ नगरपालिका १५ वटा इलाका र ४ वटा संसदीय निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । (जि.वि.स. काभ्रे, २०६२)

चण्डेनी मण्डन गा.वि.स., काभ्रेपलाञ्चोक जिल्ला भित्रका ८७ गा.वि.स. मध्ये पर्ने एक गा.वि.स. हो । यस गा.वि.स.  सदरमुकाम धुलिखेल  देखि उत्तर पूर्व ३० कि.मी.  दूरीमा रहेको छ । यस गा.वि.स.को क्षेत्रफल करिव ११.७१ बर्ग कि.मी. छ ।  भौगोलिक सीमानाको रुपमा यस गा.वि.स.लाई पूर्व तर्फ ज्याम्दी मण्डन गा.वि.स., उत्तर तर्फ इन्द्रावती नदी, (काभ्रेपलाञ्चोक जिल्ला र सिन्धुपलाञ्चोक जिल्लाको सिमाना) पश्चिम तर्फ महादेवस्थान गा.वि.स. र दक्षिण तर्फ जैसी थोक मण्डन पाँचखाल र अनेकोट गा.वि.स.हरुले घेरेको छ । यस गा.वि.स. को अवस्थिति सामुन्द्रिक सतहबाट १,०००

मिटरदेखि १,५०० मिटर माथिसम्म रहेको छ । यस गा.वि.स वेशी टार पहाडमा विभाजित भएकोले पनि समष्टिगत रुपमा यहाँको कृषि उत्पादन त्यति राम्रो छैन ।

यस गा.वि.स.को नामाकरणको बारेमा यस गा.वि.स.का बुढापाकाहरुले दिएको जानकारी अनुसार धेरै अगाडि हाल रहेको गा.वि.स. भवन नजिक एउटा चण्डी देवीको मन्दिर थियो, तर हाल सो मन्दिर यहाँ रहेको छैन तापनि बिभिन्न चाडपर्वमा पूजा-आजा गर्नुको साथै बलि दिने गरेको पाइन्छ । यही देवीको नामबाट यस गा.वि.स.को नामकरण गरेको पाइन्छ (जिविस, काभ्रे, २०६२) ।

## ४.२ जलवायु

मनसुनी जलवायू प्रदेशमा पर्ने यस गा.वि.स.मा जलवायू सम्बन्धित तथ्याङ्कहरु जस्तो तापक्रम, वर्षा र आर्द्रता मापन गर्ने स्टेशन रहेको छैन । यो ठाउँ काठमाण्डौं उपत्यकादेखि मात्र २५ कि.मि. टाढा पर्ने भएकोले काठमाण्डौं उपत्यकाको हावापानी र यहाँको हावापानीमा उल्लेखनिय विविधता रहेको पाइदैन् । यहाँ हिउँद र वर्षात जस्ता दुई प्रकारका मौसमी परिवर्तनहरु देख्न सकिन्छ । हिउँद ठण्डा र शुष्क रहन्छ । वर्षादको समय न्यानो र आर्द्र रहन्छ । चिसो समयमा तापक्रम घटेर $0^{\circ}$ सम्म रहन्छ (जिविस, काभ्रे, २०६२) ।

## ४.३ प्राकृतिक वनस्पति

यहाँको हावापानी समशितोष्ण किसिमको पाइन्छ । त्यसकारण यहाँ पाइने प्रमुख वनस्पतिहरु समशितोष्ण प्रकृतीमा पाइने किसिमका नै हुन । यहाँ पाइने प्रमुख वनस्पतिहरुमा साल, गुँरास, कटुस, धुपी, चिलाउने, सल्ला, चाँप, उत्तिसको प्रधानता रहेको देखिन्छ । यी वनस्पतिहरु विशेष गरी घर, गोठ निर्माण गर्न र विभिन्न प्रकारका फर्निचरहरु बनाउन प्रयोग गरेको देखिन्छ (जिविस, काभ्रे, २०६२) ।

## ४.४ जनावर तथा पशुपन्छी

यस गा.वि.स.को वन बाक्लो रहेको पाइन्छ । बाग्लो जंगल भएको हुनाले बाघ, चितुवा, वनविरालो स्याल जस्ता जंगली जनवारहरुको बाक्लै उपस्थिती रहेको पाइन्छ । यहाँको जंगलमा पाइने प्रमुख पंछीहरुमा कालिज, भ्याकुर, चिवे, सारौ, भंगेरा, काग आदि रहेका छन् । यहाँ सामुदायिक वनको अवधारणाको कारण यहाँको वन-जंगलको स्थिति राम्रै देखिन्छ ।

घरपालुवा जनवारको रुपमा गाई, भैसी, बाख्रा, विरालो, कुकुर, सुङ्गुर रहेका छन् भने पंछीको रुपमा कुखुरा र परेवा पाल्ने गरेको देखिन्छ । दुग्ध पदार्थको सेवन, मासु सेवन र सुरक्षाका दृष्टिले घरपालुवा जनवार तथा पंछीहरु पाल्ने गरेको पाइन्छ (जिविस, काभ्रे, २०६२) ।

## ४.५ पिउनको लागि जलश्रोतको उपयोग

यस गा.वि.स. र सिन्धुपाल्चोक जिल्लाको सिमाना इन्द्रावती नदीले छुट्टाएको छ । यसो भएता पनि यस गा.वि.स.मा पिउने पानीको लागि ठुलो समस्या रहेको छ । यस गा.वि.स.का केही वडा बाहेक अन्य वडामा ब्यवस्थित रुपमा खानेपानी आयोजनाहरु संचालन नभएको कारणले यहाँका अधिकांश जनताहरुले परम्परागत कुवा, ढुंगेधारा एवं खोल्सा खहरे आदिको पानी पिउन बाध्य रहेको पाइन्छ ।

## ४.६ बाटोघाटो तथा यातायात

यातायातको हिसाबले यो गा.वि.स.त्यति दुर्गम होइन । यस गा.वि.स.लाई मुख्य मोटर बाटोको रुपमा ढाडखोला-मेलम्ची सडकले छोएको छ । सहायक मोटरबाटोले यस गा.वि.स.को प्रायः वडामा छोएको छ ।

## ४.७ पूर्वाधार विकास

राजधानीबाट नजिक भएर पनि होला यस गा.वि.स. पूर्वाधार विकासको क्षेत्रमा त्यति पछाडि परेको पाइदैन । खानेपानीको सुविधाको दृष्टिकोणले हेर्दा कलधारा, कुवा, खोला रहेका छन् । कलधाराको वितरण यस गा.वि.स.को वडा नं २ मा पनि भएको पाइन्छ । यस गा.वि.स.को धेरै जसो वडाहरुलाई मोटर बाटोले छोएको पाइन्छ । यस गा.वि.स.को वडा नं २ लामिडाँडा मेलम्ची मूल सडकबाट धेरै टाढा दूरीमा नपर्ने भएको हुदाँ यहाँका वासिन्दाहरुले यसको उपयोग राम्रैसँग गरेको पाइन्छ । यस गा.वि.स.मा १ वटा मा.वि., १ वटा नि.मा.वि. र ४ वटा प्रा.वि.(समुदायिक २ वटा र २ वटा संस्थागत) रहेको पाइन्छ । स्वास्थ्य सेवाको लागि स्थानिय स्तरमा १ वटा उपस्वास्थ्य चौकीले विभिन्न प्रकारको सेवा पुऱ्याएको पाइन्छ । संचारको लागि एउटा अतिरिक्त हुलाकको साथै मोवाइल फोनको सुविधा पनि यस गा.वि.स.का वासिन्दाले उपयोग गरेको पाइन्छ (जि.वि.स.काभ्रे) ।

## ४.८ सामाजिक स्थिति

मानिस सामाजिक प्राणी भएकोले उ सधैं भरी समाजमा बस्न रुचाउँदछ । समाज भनेको मानिस मानिस बीचको एकता तथा संगठन हो । जहाँ व्यक्ति व्यक्तिको प्राथमिक सम्बन्ध रहेको हुन्छ । एउटा समाज भित्र पनि विभिन्न प्रकारका समुदायहरु हुन्छन् । ती समुदायमा बस्ने मानिसहरुको पनि आ-आफ्नै खालका रितिरिवाज एवं ब्यवहारहरु हुन्छन् । चण्डेनी मण्डन गा.वि.स.मा प्राचिन समय देखि नै बिभिन्न जात-जाति, भाषा-भाषी, धर्म एवं संस्कृतिका मानिसहरु बसोबास गर्दै आएका छन ।

## ४.९ नेपालका जात/जातिको जनसंख्या

राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्क अनुसार नेपालमा बसोबास गरेका जात जातिको संख्या निम्नानुसार देखिन्छ ।

# तालिका नं. १

नेपालका जात/जातिको जनसंख्या, २०५८

| संकेत नं. | जात/जाति | प्रतिशत | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | क्षेत्रि | १५.८० | ३,५९३,४९६ | १,७७४,७०९ | १,८१८,७८७ |
| २ | ब्राह्मण्म(पहाड) | १२.७४ | २,८९६,४७७ | १,४२६,९१५ | १,४६९,५६२ |
| ३ | मगर | ७.१४ | १,६२२,४२१ | ७८४,८२८ | ८३७,५९३ |
| ४ | थारु | ६.७५ | १,५३३,८७९ | ७७४,९२४ | ७५८,९५५ |
| ५ | तामाङ् | ५.६४ | १,२८२,३०४ | ६४१,३६१ | ६४०,९४३ |
| ६ | नेवार | ५.४८ | १,२४५,२३२ | ६२०,२१३ | ६२५,०१९ |
| ७ | मुस्लिम | ४.२७ | ९७१,०५६ | ५०१,७९३ | ४६९,२६३ |
| ८ | कामी | ३.९४ | ८९५,९५४ | ४३२,९३७ | ४६३,०१७ |
| ९ | यादव | ३.९४ | ८९५,४२३ | ४७३,४२१ | ४२२,००२ |
| १० | राई | २.७९ | ६३५,१५१ | ३१२,३६३ | ३२२,७७८ |
| ११ | गुरुङ | २.३९ | ५४३,५७१ | २५९,३७६ | २८४,१९५ |
| १२ | दमाई/ढोली | १.७२ | ३९०,३०५ | १८८,३२९ | २०१,९७६ |
| १३ | लिम्बु | १.५८ | ३५९,३७९ | १७४,७६० | १८४,६१९ |
| १४ | ठकुरी | १.४७ | ३३४,१२० | १६४,६४३ | १६९,४७७ |
| १५ | सार्की | १.४० | ३१८,९८९ | १५३,६८१ | १६५,३०८ |
| १६ | तेली | १.३४ | ३०४,५३६ | १५८,६४७ | १४५,८८९ |
| १७ | चमार/हरिजन/राम | १.१९ | २६९,६६१ | १३८,८७८ | १३०,७८३ |
| १८ | कोइरी | १.११ | २५१,२७४ | १३०,४२४ | १२०,८५० |
| १९ | कर्मी | ०.९४ | २१२,८४२ | १११,६३८ | १०१,२०४ |
| २० | सन्यासी | ०.८८ | १९९,१२७ | ९८,००६ | १०१,१२१ |
| २१ | धानुक | ०.८३ | १८८,१५० | ९७,५०७ | ९०,६४३ |
| २२ | दुसध/पासवान/पासी | ०.७० | १५८,५२५ | ८२,१७३ | ७६,३५२ |
| २३ | शेर्पा | ०.६८ | १५४,६२२ | ७७,५११ | ७७,५११ |
| २४ | सोनार | ०.६४ | १४५,०८८ | ७२,३३१ | ७२७५७ |
| २५ | केवट | ०.६० | १३६,९५३ | ७०,८१५ | ६६,१३८ |
| २६ | बाह्महण(तराई) | ०.५९ | १३४,४९६ | ७०,६२३ | ६३,८७३ |
| २७ | बानिया | ०.५६ | १२६,९७१ | ६७,३०८ | ५९,६६३ |
| २८ | घर्ती/भुजेल | ०.५२ | ११७,५६८ | ५८,०२३ | ५९,५४५ |
| २९ | मल्लाह | ०.५१ | ११५,९८६ | ५९,६४९ | ५६,३३७ |
| ३० | कलवार | ०.५१ | ११५,६०६ | ६१,२२१ | ५४,३८९५ |
| ३१ | कुमाल | ०.४४ | ९९,३८९ | ४८,८८३ | ५०,५०६ |
| ३२ | हजाम/ठाकुर | ०.४३ | ९८,१६९ | ५१,६१७ | ४६,५५२ |
| ३३ | कानू | ०.४२ | ९५,८२६ | ५०,७०६ | ४५,१२० |
| ३४ | राजवंशी | ०.४२ | ९५,८१२ | ४८,२३४ | ४७,५७८ |
| ३५ | सुनुवार | ०.४२ | ९५,२५४ | ४८,०६५ | ४७,१८९ |
| ३६ | सुढी | ०.४० | ८९,८४६ | ४७,१९८ | ४२,६४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | लोहार | ०.३६ | ८२,६३७ | ४२,२७० | |
| ३८ | तत्मा | ०.३४ | ७६,५१२ | ३९,६०६ | |
| ३९ | खत्वे | ०.३३ | ७४,९७२ | ३८९,६४३ | |
| ४० | धोवी | ०.३२ | ७३,४१३ | ३८,३५० | |
| ४१ | **माझी** | **०.३२** | **७२,६१४** | **३६,३६७** | |
| ४२ | नुनिया | ०.२९ | ६६,८७३ | ३५,२२४ | |
| ४३ | कुम्हार | ०.२४ | ५४,४१३ | २८,२८९ | |
| ४४ | दनुवार | ०.२३ | ५३,२२९ | २६,१९२ | |
| ४५ | चेपाङ/प्रजा | ०.२३ | ५२,२३७ | २६,६८५ | |
| ४६ | हलुवाई | ०.२२ | ५०,५८३ | २६,३८७ | |
| ४७ | राजपुत | ०.२१ | ४८,४५४ | २५,९०५ | |
| ४८ | कायस्थ | ०.२० | ४६,०७१ | २३,३४३ | |
| ४९ | बढई | ०.२० | ४५,९७५ | २४,१६० | |
| ५० | मारवाडी | ०.१९ | ४३,९७१ | २३,२०५ | |
| ५१ | सन्थाल/सतार | ०.१९ | ४२,६९८ | २१,५१५ | |
| ५२ | धाँगढ/झाँगढ | ०.१८ | ४१,७६४ | २०,८९२ | |
| ४३ | बातर | ०.१६ | ३५,८३९ | १८,१३९ | |
| ५४ | बरई | ०.१६ | ३५,४३४ | १८,४७९ | |
| ५५ | कशार | ०.१५ | ३४,५३१ | १८,१०९ | |
| ५६ | गनगाई | ०.१४ | ३१,३१८ | १५,८०८ | |
| ५७ | लोध | ०.११ | २४,७३८ | १३,०१८ | |
| ५८ | राजभर | ०.११ | २४,२६३ | १२,७५५ | |
| ५९ | थामी | ०.१० | २२,९९९ | ११,३९२ | |
| ६० | धिमाल | ०.०९ | १९,५३७ | ९,६४६ | |
| ६१ | भोटे | ०.०८ | १९,२६१ | ९,९५९ | |
| ६२ | बिङ/बिँडा | ०.०८ | १८,७२० | ९,६४१ | |
| ६३ | भेडियार/गडेरी | ०.०८ | १७,७२९ | ९३४२ | |
| ६४ | नुराङ | ०.०८ | १७,५२२ | ९,१९८ | |
| ६५ | याक्खा | ०.०७ | १७,००३ | ८,१३२ | |
| ६६ | दराई | ०.०७ | १४,८५९ | ७,१९५ | |
| ६७ | ताजपुरिया | ०.०६ | १३,२५० | ६,५३२ | |
| ६८ | थकाली | ०.०६ | १२,९७३ | ६,२१६ | |
| ६९ | चिडीमार | ०.०५ | १२,२९६ | ६,५१६ | |
| ७० | पहारी | ०.०५ | ११,५०५ | ५,८०३ | |
| ७१ | माली | ०.०५ | ११,३९० | ५,८८४ | |
| ७२ | बङाली | ०.०४ | ९,८६० | ५,६८० | |
| ७३ | छन्तेल | ०.०४ | ९,८१४ | ४,५४५ | |
| ७४ | डोम | ०.०४ | ८,९३१ | ४,६३१ | ४,३०० |
| ७५ | कमार | ०.०४ | ८,७६१ | ४,५१६ | ४,२४५ |
| ७६ | बाटे | ०.०४ | ७,९६९ | ३,८८१ | ४,०८८ |
| ७७ | ब्राह्मू/बरामू | ०.०३ | ७,३८३ | ३,४४१ | ३,९४२ |
| ७८ | गाईने | ०.०३ | ५,८८७ | २,८५७ | ३,०३० |
| ७९ | जिरेल | ०.०२ | ५,३१६ | २,५८२ | २,७३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८० | आदिवासी/जनजाती | ०.०२ | ५,२५९ | २,५५८ | २,७०१ |
| ८१ | दुरा | ०.०२ | ५,१६९ | २,३७७ | २,७९२ |
| ८२ | चुरौटे | ०.०२ | ४,८९३ | २,५३२ | २,३६१ |
| ८३ | बादी | ०.०२ | ४,४४२ | २,१५२ | २,२९० |
| ८४ | मेचे | ०.०२ | ३,७६३ | १,८३० | १,९३३ |
| ८५ | लेप्चा | ०.०२ | ३,६६० | १,९३५ | १,७२५ |
| ८६ | हलखोर | ०.०२ | ३,६२१ | १,८४८ | १,७७३ |
| ८७ | पञ्जावी/शिख | ०.०१ | ३,०५४ | १,५६७ | १,४८७ |
| ८८ | किसान | ०.०१ | २,८७६ | १,३८२ | १,४९४ |
| ८९ | राजी | ०.०१ | २,३९९ | १,१११ | १,२८८ |
| ९० | ब्याङसी | ०.०१ | २,१०३ | १,०९४ | १,००९ |
| ९१ | हायु | ०.०१ | १,८२१ | ८९२ | ९२९ |
| ९२ | कोचे | ०.०१ | १,४२९ | ६९३ | ७३६ |
| ९३ | धुनिया | ०.०१ | १,२३१ | ६१४ | ६१७ |
| ९४ | वालुङ | ०.०१ | १,१४८ | ५७४ | ५७४ |
| ९५ | जैन | ०.०० | १,०१५ | ५५१ | ४६४ |
| ९६ | मुण्डा | ०.०० | ६६० | ३५७ | ३०३ |
| ९७ | राउटे | ०.०० | ६५८ | ३४६ | ३१२ |
| ९८ | ह्याल्मो | ०.०० | ५७९ | २८१ | २९८ |
| ९९ | पत्थरकट्ट/कुस्वाडिया | ०.०० | ५५२ | २८६ | २६६ |
| १०० | कुसुण्डा | ०.०० | १६४ | ८५ | ७९ |
| १०१ | अन्य दलित | ०.७६ | १७३,४०१ | ८५,०६३ | ८८,३३८ |
| १०२ | नखुलेको | १.०२ | २३१,६४१ | ११६,५६९ | ११५,०७२ |
| | जम्मा | १००.०० | २२,७३६,९३४ | ११,३५९,३७८ | ११,३७७,५५६ |

(केन्द्रिय तथ्याङ्क विभाग २०५८)

नेपालका विभिन्न भागमा रहेका माझी जातीले कुल जनसंख्याको ०.३२ % ओगटेको छ। जुन जनसंख्या ७२६१४ छ।

## ४.१० काभ्रेपलान्चोकको जात/जातिको जनसंख्या,

राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्क अनुसार काभ्रेपलान्चोक जिल्लामा मा बसोबास गरेका जात जातिको संख्या निम्नानुसार देखिन्छ।

## तालिका नं. २

काभ्रेपलान्चोकको जात/जातिको जनसंख्या, २०५८

| संकेत नं. | जात/जाति | प्रतिशत | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | क्षेत्रि | १३.३० | ५१,२९८ | २५,०८१ | २६,२१७ |
| २ | ब्राह्मण्म(पहाड) | २२.७९ | ८७,८९७ | ४२,४८० | ४५,४१७ |
| ३ | मगर | ३.४८ | १३,४२६ | ६,५९२ | ६,८३४ |
| ४ | थारु | ०.१० | ३७८ | १६८ | २१० |
| ५ | तामाङ् | ३३।७८ | १३०,२६१ | ६४,०६३ | ६६,१९८ |
| ६ | नेवार | १३.०३ | ५०,२६३ | २४,७७१ | २५,४९२ |
| ७ | मुस्लिम | ०.०५ | १९५ | १४४ | ५१ |
| ८ | कामी | २.४७ | ९,५३५ | ४,६६२ | ४,८७३ |
| ९ | यादव | ०.०४ | १७१ | १४८ | २३ |
| १० | राई | ०.३३ | १,२७० | ६५८ | ६१२ |
| ११ | गुरुङ | ०.४४ | १,७११ | ८८५ | ८२६ |
| १२ | दमाई/ढोली | १.४३ | ५,५३४ | २,६५० | २,८८४ |
| १३ | लिम्बु | ०.०१ | ५७ | ३८ | १९ |
| १४ | ठकुरी | १.०५ | ४,०५६ | १,९७६ | २,०८० |
| १५ | सार्की | १.४६ | ६,३३७ | ३,१२५ | ३,२१२ |
| १६ | तेली | ०.०६ | २१९ | ६८ | १५१ |
| १७ | चमार/हरिजन/राम | ०.०० | ७ | ४ | ३ |
| १८ | कोइरी | ०.०१ | ५६ | २७ | २९ |
| १९ | कर्मी | ०.०१ | २९ | २९ | ० |
| २० | सन्यासी | १.०९ | ४,२१६ | २,०७६ | २,१४० |
| २१ | धानुक | ०.०० | ९ | ७ | २ |
| २२ | दुसध/पासवान/पासी | ०.०० | ६ | ६ | ० |
| २३ | शेर्पा | ०.२७ | १,०५७ | ५२७ | ५३० |
| २४ | सोनार | ०.०४ | १६८ | ८३ | ८५ |
| २५ | केवट | ०.०० | ४ | २ | २ |
| २६ | बाह्महण(तराई) | ०.०१ | ५३ | ४३ | १० |
| २७ | बानिया | ०.०३ | ११७ | ६२ | ५५ |
| २८ | घर्ती/भुजेल | ०.६७ | २,५८७ | १,२७३ | १,३१४ |
| २९ | मल्लाह | ०.०२ | ६३ | ९ | ५४ |
| ३० | कलवार | ०.०२ | ६८ | ४५ | २३ |
| ३१ | कुमाल | ०.०० | ३ | ३ | ० |
| ३२ | हजाम/ठाकुर | ०.०१ | ३७ | २४ | १३ |
| ३३ | कानू | ०.०१ | ३८ | ३५ | ३ |
| ३४ | राजवंशी | ०.०० | ३ | १ | २ |
| ३५ | सुनुवार | ०.०५ | २०१ | १०० | १०१ |
| ३६ | सुढी | ०.०१ | २३ | १७ | ६ |
| ३७ | लोहार | ०.०० | १७ | ९ | ८ |
| ३८ | तत्मा | ०.०० | १ | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | धोबी | ०.०० | १६ | १० | ६ |
| ४० | माझी | ०.६६ | २,५५४ | १,२७० | १,२८४ |
| ४१ | नुनिया | ०.०० | १४ | १२ | २ |
| ४२ | कुम्हार | ०.०० | १४ | ९ | ५ |
| ४३ | दनुवार | १.४८ | ५,७१५ | २,७३९ | २,९७६ |
| ४४ | चेपाङ/प्रजा | ०.०० | १४ | ६ | ८ |
| ४५ | हलुवाई | ०.०० | १३ | ८ | ५ |
| ४६ | राजपुत | ०.०१ | २० | १४ | ६ |
| ४७ | कायस्थ | ०.०१ | ४१ | २५ | १६ |
| ४८ | बढई | ०.०० | २ | २ | ० |
| ४९ | मारवाडी | ०.०१ | २१ | ११ | १० |
| ५० | धाँगड/झाँगड | ०.०० | १ | १ | ० |
| ५१ | बरई | ०.०० | १ | १ | ० |
| ५२ | गनगाई | ०.०० | ६ | ४ | २ |
| ५३ | राजभर | ०.०१ | ३० | १९ | ११ |
| ५४ | थामी | ०.०३ | १०२ | ५४ | ४८ |
| ५५ | धिमाल | ०.०० | ६ | ४ | २ |
| ५६ | भोटे | ०.०६ | २१७ | १०१ | ११६ |
| ५७ | नुराङ | ०.०० | २ | २ | ० |
| ५८ | थकाली | ०.०० | १७ | १० | ७ |
| ५९ | पहारी | ०.९१ | ३,५०० | १,७४७ | १,७५३ |
| ६० | माली | ०.०० | ३ | २ | १ |
| ६१ | बङ्गाली | ०.०१ | २० | १३ | ७ |
| ६२ | बोटे | ०.०० | ३ | १ | २ |
| ६३ | गाईने | ०.०० | ७ | ३ | ४ |
| ६४ | दुरा | ०.०० | २ | २ | ० |
| ६५ | चुरौटे | ०.०० | १६ | १० | ६ |
| ६६ | बादी | ०.०० | १ | १ | ० |
| ६७ | मेचे | ०.०० | १ | ० | १ |
| ६८ | राजी | ०.०० | २ | १ | १ |
| ६९ | हायू | ०.०० | २ | ० | २ |
| ७० | वालुङ | ०.०० | ९ | ४ | ५ |
| ७१ | अन्य दलित | ०.२६ | १,०१६ | ५१९ | ४९७ |
| ७२ | नखुलेको | ०.२४ | ९१३ | ४५१ | ४६२ |
| | जम्मा | १००.०० | ३८५,६७२ | १८८,९४७ | १९६,७२५ |

(केन्द्रिय तथ्याङ्क विभाग २०५८)

नेपालमा कुल जातजाती को जनसंख्या ३८५६७२ छ । जसमा माझीको ०.६६% जनसंख्या छ ।

## ४.११ चण्डेनी मण्डन गा.वि.स. को वडागत जनसंख्या

वि.स.२०५८ को राष्ट्रिय जनगणना अनुसार यस चण्डेनी मण्डन गा.वि.स.मा कूल ७८१ घरधुरी एवं ३८७१ जनसंख्या रहेको देखिन्छ । तर हाल जिल्ला विकास समितिबाट संचालित “महिला तथा बाल बालिकाका लागि विकेन्द्रीत कार्यक्रम”ले हालै लिएको तथ्याङ्क अनुसार ४,५६८ रहेको छ । जसमा पुरुषको संख्या २,२६१ र महिलाको संख्या २,३०७ छ । त्यस्तै घरधुरी संख्या ८०१ रहेको छ । उल्लेखित जनसंख्यामा १८३८ (४७.४८%) पुरुष र २०३३ (५२.५०%) महिला रहेका छन् ।

जनघनत्वको हिसावले वडा नं ८ अधिक घनत्व भएको क्षेत्र हो भने वडा नं २ न्यून जनघनत्व भएको क्षेत्र हो ।

तालिका नं. ३

चण्डेनी मण्डन गा.वि.स. को वडागत जनसंख्या

| वडा नं. | घरधुरी | कूल जनसंख्या |
|---|---|---|
| १ | १०७ | ५३६ |
| २ | ५६ | २७९ |
| ३ | ६४ | ३१२ |
| ४ | ८९ | ४४८ |
| ५ | ११२ | ५५६ |
| ६ | १०० | ४९९ |
| ७ | ७२ | ३३९ |
| ८ | १२३ | ५९७ |
| ९ | ५८ | ३३२ |
| जम्मा | ७८१ | ३८७१ |

(केन्द्रिय तथ्याङ्क विभाग ०५८)

जनसंख्याको हिसाबले हेर्दा यो गा.वि.स. त्यति ठूलो नभए तापनि यहाँ विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । तामाङ, ब्राम्हण, क्षेत्री, माझी, नेवार, कामी, दमाइ आदि जातजातिको उल्लेखनिय बसोबास भएको यस गा.वि.स.मा मिश्रीत वस्तीहरुको अधिकता रहेको पाइएता पनि केही जातिहरुमा आ-आफ्नो जाति अनुसार वस्तीको विकास भएको छ । तद्नुरुप चण्डेनी गा.वि.स. वडा नं २ आँपचौर गाउँ माझी जातिको प्रमुख वस्तीको रुपमा विकास भएको छ । विविध जातिहरुको संगम स्थल भएकोले यहाँको मानव वस्तीहरुमा विभिन्न प्रकारका रहन सहन, मूल्य र मान्यताहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

## ४.१२ चण्डेनी मण्डन गा.वि.स.को जातीगत विवरण

राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्क अनुसार चण्डेनी मण्डन गा.वि.स.मा बसोबास गरेका जात जातिको संख्या निम्नानुसार देखिन्छ ।

तालिका नं. ४

चण्डेनी मण्डन गा.वि.स. मा जातजातिको विवरण

| सि.नं. | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तामाङ | १३५८ | ३५.७७ % |
| २ | ब्राम्हण | १२३६ | ३१.९३ % |
| ३ | नेवार | ३२९ | ८.५० % |
| ४ | माझी | २७५ | ७.१० % |
| ५ | क्षेत्री | २४४ | ६.३० % |
| ६ | दमाई | १०२ | २.६२ % |
| ७ | घर्ति/भुजेल | ७८ | २.०१ % |

| | | | |
|---|---|---|---|
| ८ | था.न.जा. | ५४ | १.३९ % |
| ९ | सार्की | ५२ | १.३४ % |
| १० | सन्यासी | ४३ | १.११ % |
| ११ | कामी | ३७ | ०.९६ % |
| १२ | ठकुरी | ३४ | ०.८८ % |
| १३ | अन्य | २ | ०.०५ % |
| जम्मा | | ३८७१ | १०० % |

(श्रोतः राष्ट्रिय जनगणना २०५८ केन्द्रिय तथ्याङ्क विभाग)

यो तालिकाबाट प्रष्ट हुन्छ कि यस गा.वि.स.मा सबै भन्दा बढी तामाङ जाति बसोबास गर्दछन् भने दोश्रो स्थानमा ब्राम्हणहरुको बाहुल्यता रहेको छ । यस गा.वि.स.मा माझी जातिको स्थान चौथोमा रहेको छ ।

# अध्याय पाँच

## माझी जातीको परिबारिक संरचना र बैबाहिक प्रणाली

### ५.१ पारिवारिक ढाँचा

घरलाई सामाजिकरणको स्वरुप प्रदान गर्ने निकायको रुपमा परिवारलाई लिन सकिन्छ । प्रत्येक व्यक्तिको जन्म, लालनपालन परिवारबाट नै हुने हुनाले परिवार नै यस्तो स्थान हो जहाँबाट व्यक्तिले आफ्ना व्यवहारका स्वरुपलाई निर्धारण गर्न सिकेको हुन्छ । त्यसैले अन्य समुदायमा जस्तै माझी समुदायमा पनि परिवार सार्वभौम संस्थाका रुपमा रहेको छ । यहाँका माझी जातिको पारिवारीक ढाँचा एकात्मक र संयुक्त दुवै परिवार रहेको देखिन्छ । एकात्मक परिवार (Nuclear family) मा श्रीमान, श्रीमती र उनीहरुका अविवाहित छोरा, छोरीहरु रहेका हुन्छन् भने संयुक्त परिवार (Joint family) मा श्रीमान, श्रीमती र उनीहरुका बाबु-आमा, छोरा-बुहारी, नाती-नातिना, भाइ, भाइ-बुहारी, दाजु-भाउजु आदि हुन्छन् । यहाँका माझीहरु संयुक्त परिवारबाट छुट्टिएर बसेका सदस्यहरु पनि आवश्यकता अनुसार मिलेर काम गर्दछन् । दैनिक घर संचालनको लागि महिला र पुरुष दुवैको सल्लाह हुने गर्दछ तर पनि यहाँको माझी समुदाय पितृसतात्मक छ । त्यसै कारण घरको मूली ब्यक्ति प्रायः पुरुष नै रहन्छन् र यदि पुरुषको मृत्यु भएको छ भने उसको श्रीमती घरमूली हुन्छिन् र श्रीमती पनि नभए उसको छोरा घरमूली हुन्छ । घरमुलीको रुपमा रहेका महिला तीन र छोरा एक छन् । पैतृक सम्पत्ति माथि पुरुषको नै एकलौटी अधिकार रहन्छ । घर जग्गा बेच बिखन जस्ता कार्यहरु पुरुषले नै गर्ने गर्दछन् । परिवारको लागि आवश्यक रकम, अन्नपात, लुगाफाटा जुटाइदिने साथ साथै उनीहरुका हरेक क्रियाकलापको रेखदेख गर्ने कार्य घरमूलीको हुन्छ । यहाँका माझी समुदायमा विवाह पश्चात छोरालाई भिन्न गराउने चलन रहेको छ तर यो अनिवार्य भने होइन । छोरालाई भिन्न गराउदा भिन्न हुदाँ पैतृक सम्पत्तिलाई बराबर अशंवण्डा गरिन्छ भने सम्पत्तिको एक हिस्सा बाबु-आमाको

जीवन निर्वाहको लागि राखिन्छ  जसलाई जिउनी भन्निछ । बाबु-आमा बाँचुन्जेल सो जिउनी पालन पोषण गर्ने छोराले खान्छ र मृत्यु पश्चात् भने सबै छोराहरुले बाँडेर खाने गर्दछन् । यस जातिमा अन्य जातिको महिलासँग विवाह गरेर जन्म भएको सन्तानको जात बाबुकै हुन्छ ।

## ५.२ परिबारिक बनावट

नेपालका बिभिन्न जातजातिको बनावट जस्तै यहाँ माझी जातिको पनि रहेको छ जुन बनावटमा २ प्रकारका परिवारहरू छन् ।

तालिका नं. ५

| सिनं. | नाम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | ३२ | ६२.७४ % |
| २ | संयुक्त परिवार | १९ | ३७.२६ % |
| | जम्मा | ५१ | १००.०० % |

(मुख्य व्यक्ति संगको अन्तरवार्ता)

माझी जातीहरु परम्परा देखि वढीमात्रामा संयुक्त रुपमा बसवास गर्दथे भने आजभोली शौक्षिक चेतना, आर्थिक कारण, पारिवरिक बेमेल को कारण संयुक्तमा कम र एकात्मक परिवारमा बसोवस गर्ने परिवारको संख्या वढी छ।

### ५.२.१ संयुक्त परिवार (Joint family):

संयुक्त परिवारमा यहाका माझीका श्रीमान, श्रीमती र उनीहरुका बाबु-आमा, छोरा-बुहारी, नाती-नातिना, भाइ, भाइ-बुहारी, दाजु-भाउजु आदि रहेका छन् । यस्तो परिवार भने यस गाउँमा कमै मात्रामा पाइन्छ । अलि अविकसित र अनपढ परिवारहरू बिशेषगरी

संयुक्तरूपमा बसेका छन् । सयुक्त परिवार अन्तर्गत बिशेषगरि यहाँका माझीहरु तिन /चार पुस्ता सम्म पनि एकै परिवारमा बसोबास गर्नेगरेको पाईन्छ जसका कारण पछिल्लो पिडिमा अलि शिक्षित माझि जातिहरु को बिचमा अशं बाडफाडकमा बिभेद हुनुका साथै मनमोटाब हुने र एक आपसमा बोलचाल सम्म पनि नगरेको पाइन्छ ।

यसरी बिभेद हुँदा माझि जाति पढेलेखेका भएता पनि गाउँमा अन्य जातिका ब्यक्ति सँग सहयोग माग्ने र समस्याको समाधान गर्न तत्पर रहेको पाइन्छ । कारण उनिहरु सोझा र आफु निर्णय गर्न सक्दैनन् । संयुक्त रुपमा बसोबास गर्ने यिनिहरुको अशं सम्बन्धी बिबाद हाल सम्म पनि कायमनै छ ।

भाई फुटेमा अन्य जातिले हेप्दछन् भन्ने धारणा राख्ने यिनिहरु अशंमा किचलो भएता पनि संयुक्त रुपमा नै बस्न चाहन्छन् ।परिवारमा ५० बर्ष नाघेका बृद्ध बृद्धाले आफ्ना केटा केटीहरु खेलाउने उनीहरुको हेरबिचार गर्ने र अन्य कम उमेर भएका ब्यक्तिहरु कमाउन काठमाण्डौ वा अन्यत्र जाने र घरमा खर्च पुर्याउने गर्दछन् । परिवारमा अलि पढेलेखेका ब्यक्तिहरु कमाउने उदेश्यले वाहिर जाने र ६ महिना बर्ष दिनमा घर फर्कने गर्दछन् । संयुक्त परिवारमा जन्मने बालबच्चा लाई स्याहार खानपिन र हेरबिचार को कमीले अस्वस्थ हुने र फिरन्ते स्वभाबका देखिन्छन् ।

### ५.२.२ एकात्मक परिवार (Nuclear family)

एकात्मक परिवारमा श्रीमान, श्रीमती र उनीहरुका अविवाहित छोरा, छोरीहरु रहेका छन् । यस्तो परिवार शिक्षित तथा बिकसित रहेको छ । यस्तो संरचना तुलनात्मक रूपमा बढी मात्रामा पाइन्छ । एकात्मक परिवारमा बस्ने यिनिहरु अलि सौखिन र शिक्षित देखिन्छन् । परिवार संचालनको दृष्टिकोणले यो परिवारले सरसफाई मा बिशेष ध्यान दिने आफ्ना बाल बच्चाको बिशेष स्याहार गर्ने र बच्चालाई आबश्यक संरक्षणको साथै उचित

खानपीनको ब्यवस्था गर्दछन् कारण :-यिनिहरु स्वस्थ हुने ,आर्थिक दृष्टिले सम्पन्न साथै परिवारको बिषयमा बिशेष चिन्तित हुने गर्दछन् ।

यस परिवारमा श्रीमान आर्थीक उपार्जनको निमित्त परदेसिएका छन् भने श्रीमतीले छोरा छोरी पढाइ घरव्यबहार चलाएको पाइन्छ । एकात्मक परिवारभित्र बसोवास गर्ने परिवारलाई गाउँ समाजका अन्य ब्यक्तिले होच्याउने र कमजोर हुने गरि ब्यबहार गर्दछन् ।

माझी समुदायमा यिनिहरु अशं लिई भिन्न हुँदा आर्थिक स्थिति कमजोर भई धेरै भाईहरु भएका परिवारहरु एकै घरमा कोठा बारि वा मुलघर बाहेकका मतान र गाई गोरु बाध्ने गोठको कौशिमा  समेत बसोबास गर्ने गरेको पाईन्छ ।

## ५.३ पारिबारिक संरचनामा आएको परिबर्तन :-

माझी जाति प्राचिन कालदेखि कोशी नदिको किनारमा बसोबास गर्ने र एकै घरमा बसोबास गर्ने तल्लो पिढिहरु पनि त्यहि संयुक्त रुपमानै बस्दथे ,तर हाल उनिहरु नदि किनारा छाडी माथिल्लो पहाडी भेग तिर बसोबास गर्ने शहरी ईलाका तिर बसाई सर्ने गर्दछन् ।  संयुक्त  परिबारबाट छुट्टिई एकल हुने परिवारलाई साँघुरो बनाउदै लैजाने गरेका छन् ।

अझ पनि परिवारमा केहि संबेदनशील अबश्था आएमा परिवारका वृद्ध वृद्धा संग सल्लाह लिई समस्याको समाधान  गर्दछन । जुनसुकै पारिवारिक संरचना भित्र भएपनि यिनिहरुको ब्यबहार भाषा र शैक्षिक स्तर ,चेतनाको स्तर मा वृद्धि भएको छ । सरसफाई ,जन्मदर बाल मृत्युदर ,स्वास्थ्य जस्ता आधारभुत कुराहरुमा सुधार आएको देखिन्छ ।

प्राय गरि परिवारमा धेरै संख्यामा नभई कम संख्यामा परिवार भईबसोबास गर्ने सानो परिवारनै सुखी र स्वस्थ्य परिवार हो भन्ने धारणा राख्दछन् ।जति बढि सन्तान जन्माए पनि भगवानले दिएको भन्ने धारणामा परिवर्तन भएको छ ।

## ५.४ विवाह

मानव समाजमा जन्मपछिको अर्को महत्वपूर्ण संस्कार कार्य विवाह हो । महिला र पुरुष सम्बन्धलाई पति पत्नीको रुपमा समाजले स्वीकार गर्नु नै विवाह हो । महिला र पुरुषलाई यौन सम्बन्ध राखी बच्चा जन्माउँदा समाजद्वारा मान्य हुनु नै विवाह संस्कार हो । यसरी स्त्री र पुरुष बीचमा यौन सम्पर्क राख्ने वैधानिक अधिकार प्राप्त गर्ने कार्य नै विवाह हो । नेपाली समाजमा विवाहलाई पुरुष र स्त्री बीचको समझदारी मात्र नभई सामाजिक र धार्मिक कर्तब्य र बन्धन पनि मानिन्छ । नयाँ जीवन र सहयोगको क्षेत्रको शुरुवात समेत विवाहबाट हुन्छ । विवाह सम्बन्धी विभिन्न जातजाति, विभिन्न धर्म, सँस्कृति, मान्य समूह वीच आ-आफ्नै प्रकारका विशेष परम्पराको वैवाहिक रितिरिवाज गर्दै र मान्दै आएको भेटिन्छ । यसरी नै माझी जातिमा पनि मुलतः मागी विवाह, चोरी, जारी विवाह, विधुवा विवाह र प्रेम विवाह प्रचलित भएको पाईन्छ । यी मध्ये मुख्य गरी मागी विवाह नै माझी जातिमा बढि प्रचतिल छ । हिजो आज प्रेम विवाह गर्ने प्रचलनमा केही बृद्धि भएको देखिन्छ । चोरी, जारी विवाहका प्रचलन विस्तारै लोप हुँदै गएको पाइन्छ । हाड नाता भित्र विवाह गर्ने प्रचलन छैन भने मामा-चेला फुपु-चेली विवाह पनि गर्ने चलन छैन । यस जातिको आफ्नै जाति भित्र विवाह गर्ने गरेको पाइन्छ ।

## ५.५ विवाहका प्रकार र यसमा आएको परिवर्तन

नेपाली समाजमा विवाहलाई अनिवार्य शर्तको रुपमा लिइन्छ । त्यस्तै माझी समुदाय पनि यसबाट अछुतो रहन सकेको छैन । मात्र यसमा विवाह गर्ने तरिका भिन्न छन् । पहिला परम्परागत विवाह हुने गर्दथे भने हाल आएर त्यसमा परिर्वतन भई आधुनिकता अएको छ र परम्परागत विवाह लोप भई आधुनिक विवाह गर्नेको संख्या वढी छ । जुन तल प्रस्तुत गरिएको छ ।

### ५.५.१ मागी विवाह

वर-वधुको सहमतिद्वारा अभिभावकको रोहवरमा सम्पन्न हुने विवाह मागी विवाह हो र माझी जातिमा यो विवाह बढी प्रचलनमा रहेको छ । वरको लागि उपयुक्त वधुको खोजीगर्ने काममा केटा पक्ष नै बढी सक्रिय हुनुपर्दछ, केटी पक्षले केटा खोज्दैन् । केटी माग्न जानुभन्दा पहिले हाड-नाता र सात पुस्ताभित्र पर्ने/नपर्ने विषयमा विचार गरिन्छ । विवाहको लागि सामान्यतया केटीको रुप, शील-स्वभाव, गुण आदि हेरिन्छ । विवाहको लागि केटी माग्ने सम्बन्धी सबै कामको बन्दोवस्त गर्ने कार्य एक जना लमीले गर्छन् । लमीले नै केटी पक्षकोमा गएर कुरा राख्छन् । लमी विशेष गरी केटा र केटी दुबै पक्षको बारेमा राम्रो जानकारी भएको व्यक्ति हुन्छ । विवाह सम्पन्न गराए वापत लमीको लागि दुबै पक्षबाट विशेष सम्मानका साथ विशेष परिकार सहित भाग छुट्याइन्छ । जसलाई लमी भाग भन्ने गरेको पाइन्छ ।

माझी जातिमा विवाहको कुरा चलेपछि केटाको बाबु र लमी केटीको घरमा जान्छन । यसरी जाँदा माटाको सुराइमा एक माना रक्सी र माछा लिएर जान्छन । यसलाई "सुर्केपुङ्ग" भनिन्छ । यसरी लगेको *सुर्केपुङ्ग* कन्याले आफ्नै हातले स्वीकार गरेमा विवाह स्वीकृत भएको मानी विवाहको कुरा अगाडि बढ्दछ तर लगेको सुर्केपुङ्ग

कन्याले अस्वीकृत गरेमा विवाह अस्वीकृत भएको मानिन्छ । यस अवस्थामा केटीपक्षले केटा पक्षलाई "गुलियो वचन" दिन्छन् । यस पटक कुटुम्व गास्न मिलेन अर्को पटक आउनु होला भन्ने वचन नै "गुलियो वचन" हो । केटी पक्षकाले माग गरेमा केटालाई पनि आवश्यक परेमा केटीको घरमा बोलाइन्छ । केटीपक्ष कहाँ लगेको सुर्केपुङ्ग दुबैपक्षका मानिसहरुसँगै बसेर खान्छन र विवाहको लागि उचित साहित हेर्ने काम हुन्छ । यस्ता कार्य प्रायः बुधबार पारेर गर्ने गरिन्छ । विवाहको दिन निश्चित भएपछि केटीले आफुलाई चाहिने गरगहना, लुगाफाटो आदि आवश्यक सामान केटा पक्षसँग माग्ने चलन पनि रहेको छ ।

विवाहको जन्ती लग्ने अघिल्लो दिन केटा पक्षकाले “काग ठेकी” लगाउनु पर्छ । काग ठेकी लगाउदा केटी पक्षको माग अनुसार केटा पक्षले जाँड, कुखुरा, माछा, चामल, दहिको ठेकी, सिन्की र ऊखुको लाँक्रा वा केराको लाप्सा अनिवार्य लिइ लमी सहित केटीको घरमा पुऱ्याइन्छ । त्यही दिन राती केटीको घरमा एक छेउमा गोवरले लिपेर चामलको पिठोको रेखी बनाइन्छ । रेखीको एकापटी २ वटा कुखुरा समातेर लमी बस्दछ भने अर्कापट्टी केटीका बाबुले सुपारी, सिन्दुर, जनै र दुवो समातेर बस्दछन् । यद्यपी यस जातिले जनै लगाउदैन तर यस समयमा जनैको आवस्यकता पर्दछ । यो जनै केटाका बावुले लिएर आएका हुन्छन् । त्यसपछि केटीका बाबुले केटाकटीको नाम उच्चारण गरी मेरी छोरी फलानोको छोरालाई दिए भन्दछन् । यस किसिमको वचन केटीका बाबुले ३ पटक दोहऱ्याउनु पर्दछ । त्यसपछि लमीले आफूले समतेका २ वटा कुखुरालाई अनौठो शब्दमा “आकासमा गए खट्टा समातेर तानौला, पातलमा गए चुल्ठा समातेर तानौला र पोइला गएमा यसरी काटौला भन्दै ती कुखुराहरुलाई काट्छन् । यो प्रकृयालाई वाकदान भनिन्छ । स्थानीय भाषामा यसलाई वाग्दन्त भनिन्छ ।

जन्ती जाने दिन विहान कूलदेवताको पूजा गरिन्छ । जन्ती जान सवै नातेदार, इष्टमित्रलाई बोलाइन्छ । यस जातिमा दुलाहा सिगार्ने कार्य निकै आकर्षक देखिन्छ । टाउकामा फेटा गुत्ने, निधारमा अविर, केसरी र अक्षताको टीका लगाउने साथै पैसाको माला पनि लगाएको पाइन्छ । दुलाहा अन्माउँदा आमाले दहि खुवाउँछिन् र बाबु-आमाले टीका लगाउँछन् र दुलाहाले मोहर राखी बाबु-आमालाई खुट्टामा ढोग्नु पर्दछ । त्यसपछि क्रमशः अरुहरुले पनि दुलाहालाई टीका लगाई दक्षिणा दिन्छन् । केटी पक्षकाले माग गरेका छन भने उनीहरुको माग बमोजिम पञ्चैबाजा लानुपर्दछ नत्र मादल मात्र बजाएर जन्ती लग्ने चलन छ । केटीको घरमा जन्ती पुग्नु भन्दा पहिले १/२ जनालाई “भात खौरे” पठाइन्छ । जसले जन्तिको संख्या बारे केटी पक्षलाई पूर्व जानकारी दिन्छन् । केटी पक्षकोमा “भात खौरै” लाई गिज्याउने र होच्याउने कार्य गरिन्छ । जन्ती पुगेपछि केटी पक्षबाट अक्षताले

जन्ती पर्सिन्छन् र भोज खुवाउने काम हुन्छ । माझी जातिमा स्यंवर प्रथा पुरानो प्रचलन होइन तापनि यो प्रथा प्रचलनमा आएको पाइन्छ ।

माझी जातिको विवाहमा जग्गे निर्माण विधि खासै हुँदैन तापनि सवै वैवाहिक कर्महरु हिन्दू परम्परा अनुसार नै गरिन्छ । जग्गेमा ब्राम्हण पनि प्रयोग गरिदैन र संस्कृत पाठ पनि हुँदैन । विवाहमा गरिने कन्यादान, गोडाधुने र आफ्नो गच्छे अनुसारको पैसा र भाँडाकुडा दिने गर्दछन् । यो प्रकृया समाप्त भएपछि केटीका माइतीहरुले नदेख्ने गरी पछ्यौराले छोपेर दुलाहले दुलहीलाई सिन्दुर हाल्दछ । हिन्दू परम्परा जस्तै विवाहमा माउर खुवाउने, सुपारी खेल्ने, क्रिया सम्पन्न गर्दछन् । जग्गेको काम सम्पन्न भइसकेपछि दुलाहा-दुलही तथा जन्त आएका जन्तीहरुलाई खानपिन गराइन्छ । विवाहको सबै कार्य सम्पन्न गरिसकेपछि अन्माउने बेलामा दुलाहा-दुलही दुवैलाई जग्गे राखेको ठाउँमा ३ पटक घुमी पूजा गर्न लगाइन्छ र बेहुलीका दाजुभाइले दुलाहा-दुलही दुवैलाई बोकी केहीपरसम्म पुऱ्याई विदाई गर्छन् ।

जन्ती फर्के पछि दुलहाको घरमा दुलही भित्र्याउने काम शुरु हुन्छ । दुलही भित्र्याउने बेलामा आँगनमा दमाइहरुले बाटो छेक्दन् । दुलाहाले सगुन स्वरुप केही रकम दिएपछि मात्र अघि बढ्न दिन्छन् । घरको मूल ढोकामा दुलाहाका चेलीबेटीले बाटो छेक्दछन् । दुलाहाबाट साडी चोलो पाउने आश्वासन दिएपछि मात्र उनीहरुले बाटो छोडिदिन्छन् । घर भित्र धानको थुप्रामाथि बत्ति बालेर राखेको हुन्छ । दुलहीले उक्त बक्ति कुल्चदै भित्र पस्छिन र पछिपछि दुलाहा पनि जान्छन् । त्यसपछि दुलहीले उक्त धानका मुठीहरु उठाउनु पर्छ ( सोहोर्नुपर्छ) र सासुले घरभित्रको अन्न भण्डारण वेहुलीलाई देखाउनु पर्दछ । यसरी विवाहको विधि सम्पन्न हुन्छ । भोलीपल्ट दुलाहाको घरमा “जन्ती भतेर” तयार हुन्छ । भतेर खानु अघि इष्टमित्र सबैले बेहुलीको मुख हेर्न भनी टीका लगाएर दक्षिणा दिने गरिन्छ । त्यसपछि सवैले भतेर खान्छन् । घरभित्र ९ वटा सालको पातको दुनामा बत्ति बाली धान माथि राखिएको हुन्छ । माझी जातिको यस किसिमको विवाह सम्पन्न गर्न कुनै

पुरोहितको आवश्यकता पर्दैन । समुदायका बुढापाका माझीहरुले नै विवाहको विधि बताउने गरेको देखिन्छ । तसर्थ यसलाई माझी जातिको आफ्नै मौलिक विशेषताको रुपमा लिन सकिन्छ ।

### ५.५.२ चोरी, जारी विवाह

यस जातिमा पनि चोरी विवाह गर्ने चलन पाइन्छ । यस विवाहमा केटाले केटीलाई जात्रा, मेला, दाउरा पात, पानी पधेरो गर्न जाँदा भगाएर गरिने विवाह नै चोरी, जारी विवाह हो । यसमा केटीको असहमति र सहमती दुवै हुन सक्दछ । तर कन्याको बाबु आमालाई थाहा नदिइकन लगिने हुनाले यसलाई चोरी विवाह वा जारी विवाह भनिन्छ । यसरी कन्या केटीलाई ल्याएको केही दिन पछि केटा पक्षले केटी पक्ष समक्ष रीत पु¥याउन जानु पर्दछ । रीत पु¥याउँदा सेल रोटी, रक्सी, माछा, मासु र कुखुराको फूल लिएर केटाकेटी दुवै जना केटीको माइती जानु पर्दछ । यसरी जानुलाई "हरियो पोका" पु¥याउने भनिन्छ । केटीको बाबु आमाले केटा र केटी दुवैलाई टीका-टाला गरी विवाहलाई औपचारिक मान्यता दिन्छन् । यदि केटी विवाहित रहेछ भने केटाले पहिलो लोग्नेलाई वीस रुपैया जारी तिर्नु पर्दछ । यस प्रकारको विवाहलाई समाजले राम्रो नमान्ने भएकोले अहिले प्रायः लोप भई सकेको देखिन्छ ।

यहाँका माझी जातिका विवाह सम्बन्धसँग जोडिएको एउटा भिन्न प्रचलन रहेको देखिन्छ । यस प्रचलन अनुसार एक चोटी विवाह बन्धनमा बाँधिएकी महिलाले आफ्नो श्रीमान छाडेर अर्को परपुरुषसँग गएमा र उक्त पुरुषलाई पनि छाडेर फेरी पहिले कै श्रीमानसँग आएमा त्यस महिलालाई नौलो किसिमले दण्ड सजायँ दिइन्छ । यस्तो सजायँमा महिलालाई घाँटीमा दाम्लाले बाँध्ने, मुखमा हरियो दुवो कोचाइदिने र मलद्वारमा

गाईको गोवर लगाई उसलाई पशु समान बनाइ छाड्ने गरिन्छ । यस किसिमको सजायँ दिने चलन अन्य जातिहरुमा रहेको पाइदैन् ।

### ५.५.३ प्रेम/विधुवा विवाह

माझी जातिमा प्रेम विवाह र केही मात्रामा विधुवा विवाह पनि प्रचलनमा रहेको देखिन्छ । केटा र केटीको बीचमा प्रेम सम्बन्ध भएपछि दुवै जनाको सहमतिमा घरबाट भाग्ने गर्दछन् । यसलाई नै प्रेम विवाह भनिन्छ । चोरी विवाहमा जस्तै यस प्रेम विवाहमा पनि केही दिनपछि केटीको माइतमा “हरियोपोका” बुझाउनु पर्दछ । यस जातिमा यस प्रकारको विवाहको मात्रा दिन प्रतिदिन बृद्धि हुँदै गएको पाइन्छ । अन्य हिन्दु समुदायमा जस्तो यस जातिमा विधुवा माथि कडा सामाजिक बन्देज छैन । यसर्थ विधुवा विवाहलाई सामान्य र सहज रुपमा लिने प्रचलन छ । विधुवासँग विवाह गर्दा कुनै विधि विधान पुरा गर्नु पर्दैन । महिला र पुरुषका बीच कुरा मिलेपछि महिला पुरुषको घरमा गएर बस्ने गर्दछन् ।

### ५.५.४बहुपत्नी विवाह

माझी जातिमा एउटा पुरुषले एकभन्दा बढी श्रीमती बनाउने प्रथालाई सहज रुपमा मानिन्छ । विशेष गरी पहिलो श्रीमतीबाट बच्चा नभएमा वा छोरा नजन्मेमा अर्की श्रीमती ल्याउने चलन छ । यस अवस्थमा केटी मागेर नै विवाह गरिने हुँदा मागी विवाह अनुरुप नै सवै विधिहरु सम्पन्न गरिन्छन् तर यस प्रथामा आजकाल कानूनी बन्देज भएको हुँदा कमी हुँदै गएको छ ।

तालिका न. ६

| सि. न. | विवाहको प्रकार | संख्या(जोडी) | कैफियत |
|---|---|---|---|
| १ | मागी विवाह | ३५ | |
| २ | चोरी विवाह | ८ | |
| ३ | जारी विवाह | २ | |

| | | | |
|---|---|---|---|
| ४ | प्रेम विवाह | १४ | |
| ५ | विधुवा विवाह | ३ | |
| ६ | बहुपत्नी विवाह | ५ | |

(घरधुरी सर्वेक्षण)

## ५.६ परिबर्तित विवाह

पुरानो चलन अनुसार छोरा छोरीको विवाहको छिनोफानो उनीहरूका अभिभावकहरू मात्र बसेर गर्दथे । छोरीको रजस्वला नहुदै कन्यादान दिनुपर्छ भन्ने मान्यता थियो साथै बहुपत्नी प्रथा, भाउजु स्याहार्ने प्रथा तथा जारी विवाह गर्ने प्रचलन पनि थियो । तर अहिले केटाकेटीको मञ्जुर बिना विवाह गरीदैन । अझ केटाकेटीहरू आफैमा मन पराएपछि अभिभाबकको सल्लाह बिना चोरी विवाह वा प्रम विवाह गर्ने प्रचलन बढ्दो छ । छोरीको विवाहको सवालमा पनि उमेर पुगिसकेपछि परिपक्क अवस्था भएपछि मात्र गर्नुपर्छ भन्ने मान्यताले जरो गाड्न थालेको छ । बहुपत्नी प्रथालाई कानुनले बन्देज लगाएको हुँदा विशेष अवस्था वाहेक एकभन्दा बढी पत्नी विवाह गर्ने प्रथा पनि घटिरहेको छ ।

# अध्याय ६

# पेशा व्यवसाय

आफ्नो दैनिक गुजारा चलाउन मानिसले श्रम गर्दछन् र त्यसको उचित प्रतिफल पनि आशा गरिएको हुन्छ । त्यस्तै मानिसहरु आफ्नो क्षमता र दक्षता अनुसार काम गर्दछन् । माझी जातिहरुको पनि पेशा १५ वर्ष अगाडि परम्परागत थिए भने हाल आएर उनिहरुको पेशा व्यवसायमा वैज्ञानिकीकरण भएको छ ।

## ६.१ माछा मार्ने

प्राचिन समय देखि माझीहरु प्रायः नदी किनारमा बस्ने जाति हो । यहाँका माझी बाल बच्चाहरु सानै उमेर देखि नदी किनारमा बसेर आफ्ना पुर्खाले  माछा मार्ने  परम्परागत काम सिक्ने हुँदा यिनीहरु माछा मार्ने काममा निपूर्ण रहेका छन् । यहाँका बृद्ध माझीहरुको भनाइ अनुसर ४०/५० वर्ष पहिला यहाँका माझीहरुको प्रमुख पेशा माछा मार्नु नै थियो । यसका लागि यिनीहरु जाल, फुर्लुङ, बल्छि थकौली आदि सामानको प्रयोग गर्दथे । त्यस समयमा यहाँका माझीहरु इन्द्रवती नदीमा माछा मारी नजिकको स्थानिय बजारमा बेचेर राम्रो आम्दानी गर्ने गरेको कुरा यहाँका बृद्ध माझीहरुसँगको कुराकानी को क्रममा थाहा पाइयो । आज भोली उनीहरुको यो पेशा ओझेलमा परेको पाइन्छ । तै पनि केही मात्रामा माछा मार्ने काम चलेको पाइन्छ । तर माछा मार्ने तरिकामा भने फरक परेको देखिन्छ । हिजो आज नदीमा करेन्ट प्रवाह गरी वा विषाधीको प्रयोग गरी माछा मार्ने पद्धति अपनाएको पाइन्छ तर यसबाट बर्षैपिच्छे नदीमा माछाको कमी हुँदैं आएको पाइन्छ जसले गर्दा उनीहरुले यो पेशाबाट पहिलेको जस्तो आम्दानी लिन सकेको छैनन् ।

## ६.२ डुङ्गा चलाउने

माझीहरुको परम्परा देखि चल्दै आएको अर्को महत्वपूर्ण पेशा डुङ्गा चलाउने पनि हो । यहाँको माझी बस्ती नजिकबाट बग्ने नदी इन्द्रवती हो । यो नदी काभ्रेपलाञ्चोक जिल्ला

सिन्धुपाल्चोक जिल्लाको सिमाना भएर बग्दछ । पहिले पहिले यो नदी तर्न यहाँ कुनै किसिमका पुल, साँगुको निमार्ण भएको थिएन । नदी वारपार गर्न काठको डुङ्गा बनाई त्यसबाट माझीहरुले मानिसहरुलाई नदी तार्न सहयोग गर्दथे । घाटमा डुङ्गा तार्ने काम गर्नको लागि प्रत्येक घरलाई पालो लगाइने गरिन्थ्यो । त्यस समयमा डुङ्गा चलाउने काम माझी जातिलाई अनिवार्य जस्तै थियो । यो काम ब्यबसायिक रुपमा नै चल्दथ्यो भन्ने बुझिन्छ । समयको परिवर्तनसगै यस घाटमा केही माझीहरुले छाप्रा बनाइ चिया नास्ताका पसलहरु राख्ने गरेको देखिन्छ । यसबाट के बुझिन्छ भने त्यस समयमा डुङ्गा चलाउने कार्य माझीहरुको गुजरा चलाउने प्रमुख पेशाहरु मध्ये एक थियो भन्ने आधार देखिन्छ । माझीहरुलाई त्यस समयमा डुङ्गा बनाउने सिमलको काठ जुनसुकै वनबाट पनि काट्न छुट थियो । यसको लागि उनीहरुले पैसा तथा अन्य केही बस्तुहरु दिनु पर्दैनथ्यो । यो कामको लागि बरु समुदायले सहयोग गर्ने गरेका थिए ।

समयको गतिसँगै ठाउँ ठाउँमा झोलुंगे पुलहरु तथा साँगुहरु बन्नाले यो पेशामा पनि ओझेलमा पर्न थालेको छ । यसको साथै डुङ्गा बनाउने काठको अभाव तथा काठ पाए पनि आफ्नै पैसा खर्च गरी डुङ्गा बनाउनु पर्ने बाध्यता एवं समुदायबाट पनि सहयोग नहुनु आदि कारणहरु रहेका छन् ।

## ६.३ पानी घट्टा चलाउने

विद्युतको उत्पादन नभएको तथा आधुनिक प्रविधिको अभाव रहेको समयमा माझी जातिहरुले गर्दै आएको व्यवसाहिक पेशा मध्ये यो पेशा पनि एक हो । यो पिठो पिस्ने कामको लागि प्रयोग गरिन्छ । यो पानीबाट चल्ने एक किसिमको जाँतो हो । यो त्यस समयमा माझीहरुको प्रमुख जीविकोपार्जनको महत्वपूर्ण स्रोत हो । नदीबाट बग्ने पानीको प्रयोग गरी मकै, चामल, गहूँ, कोदो पिस्ने कामको लागि यसको प्रयोग गरिन्थ्यो । त्यस समयमा ठाउँ ठाउँमा पानी घट्टा राखेर अन्न पिस्ने कार्य गरिन्थ्यो । अन्न पिसे वापत केही ज्याला (जुन बस्तु पिसेको हो त्यस बस्तुको केही अशं) लिने गरेको पाइन्थ्यो । आर्थिक

अभावको कमि तथा सिपको अभावले नयाँ प्रविधिमा हात हाल्न सक्ने अवस्था पनि यहाँका माझीहरुमा नभएको कारण यो पेशाबाट उनीहरुको रोजीरोटी खोसिएको छ । घट्टाले पिसेको पिठोबाट बनाएको खाना मिठो हुने हुँदा केही घर परिवारका माझीहरुले अझै यो पेशा संचालन गरेको भने पाइन्छ ।

## ६.४ बालुवा चालेर सुन खोज्ने

सुन भेटिन्छ की भन्ने आशाका साथ बालुवा चाल्दा दोहोरो फाइदा हुने बताउछन् ।सुन नभेट्दा वालुवा चाल्दा आएको पारिश्रमीकवाट पनि सून किन्न सकिने उनिहरुको कथन छ ।

माझी जाती परापूर्बकालदेखी नदिकिनारमा वसोवास गर्ने भएकोले उनिहरु नदिवाट वालुवा निकाल्ने र बालुवा बेच्ने कार्य गर्दथे। बालुवा बाट सुन फलाउन सकिन्छ भन्ने धारणा भएका उनीहरु पुर्खाले गरेको कार्यलाई प्राथमिकता दिदै आएका छन् ।

तालिका नं. : ७

| सि.न | पेशा व्यवसाय | १५ वर्ष अगाडि | हाल | कैफियत |
|---|---|---|---|---|
| १ | माछा मार्ने | ४९ | ३७ | |
| २ | डुङ्गा चलाउने | ४५ | १८ | |
| ३ | पानी घट्टा चलाउने | ४ | ० | |
| ४ | वालुवा चालेर सुन खोज्ने | ९९ | १२ | |
| ५ | कृषी | १०३ | १०१ | |
| ६ | पशुपालन | १०० | ८७ | |
| ७ | ज्याला मजदुरी | ९१ | ७२ | |
| ८ | रोजगारी | ३ | १५ | |

(घरधुरी सर्वेक्षण)

## ६.५ परिबर्तित पेशा

यस ठाउँका माझी जाती आफ्नो पुख्यौंली पेशा बाट परिवार धान्नगाह्रो परेको र समाजमा आएको परिर्बतन सँगसँगै आफ्नो पेशा ब्यवसायमा परिर्बतन आएको बताउछन् । कारण समाज परिर्बतन भएको र आफुपनि सामाजिक बाताबरणमा मिल्न र जीवन स्तर उच्च बनाउन यस्तो पेशा अपनाएको बताउछन् ।

### ६.५.१ कृषि

परम्परागत रुपमा नेपालका माझीहरुको मुख्य पेशा कृषि होइन् । यिनीहरुको मुख्य पेशा नदीमा डुङ्गा चलाउनु, पानी घट्टा चलाउनु, माछा मार्नु आदि रहेको पाइन्छ । परम्परागत यस्ता किसिमका पेशाले गुजारा चलाउन नसक्ने भएको हुँदा समय सापेक्ष यिनीहरुको पेशामा पनि परिवर्तन आएको पाइन्छ । यहाँका माझीहरुको मुख्य पेशा बहुसंख्यक नेपालीको प्रमुख पेशा जस्तै नै छ । यहाँका करिब ८० प्रतिशत माझीहरु कृषि पेशामा आश्रित छन् । माझी बस्ती आपँचौर इन्द्रवती नदीको किनारमा करिब १६० रोपनी खेत रहेको छ । ७३ घर धुरी रहेको माझीहरुको स्वामित्वमा ६० रोपनी जति जग्गा रहेको । जुन कुल घर धुरीलाई सालाखाला भाग लगाउने हो भने ०.८२ रोपनीका हिसाबले आउँदछ ।

बढ्दो जनसंख्या, न्यून भूमि र परम्परागत खेती प्रणालीका कारण यहाँका माझीहरुलाई कृषि पेशाले मात्र पेट पाल्न सक्ने अवस्था नरहेको देखिन्छ ।

यहाँका माझीहरुको प्रमुख पेशा कृषि भए तापनि उनीहरुको जीवन निर्वाह सो पेशाले कति समयसम्म पुग्दछ भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तालिका नं ८

कृषिबाट वर्षामा जीवन निर्वाह हुने अवधी

| खना | घरघुरी संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ३ महिना | १५ | २९.४१ |
| ३ देखि ५ महिना | १३ | २५.४९ |
| ५ देखि ८ महिना | १३ | २५.४९ |
| ८ महिना भन्दा माथि | १० | १९.७० |
| जम्मा घरघुरी संख्या | ५१ | १०० |

*श्रोतः गाउँ विकास समितिद्वारा लिइएको घरधुरी सर्वेक्षण फारम २०६४का आधारमा*

यहाँका माझीहरुको जीवन निर्वाहको प्रमुख श्रोत कृषि भएतापनि उत्पादन राम्रो नहुनाले उनीहरु मारमा परेका छन् । यिनीहरुको कृषि उत्पादन राम्रो नहुनामा निम्न कारण रहेको छ ।

भरपर्दो सिंचाइ सुविधाको अभाव, आकासे पानीको भरपर्नु, आधुनिक कृषि प्रणालीको अभाव, इन्द्रवती नदी किनारमा राम्रो बाध नहुनु , खेती योग्य जमिनको अभाव आदि। जनसंख्या बृद्धि हुदै जानु, कृषि उत्पादन नहुनु, भएको जमिन पनि राम्रो बाँध नहुँदा इन्द्रवती नदीमा आउने बाढीले बगाउने आदिकारणले कृषि पेशामा आधारित यहाँका माझीहरु झन-झन आर्थिक दुरावस्थामा पर्दै गएका पाइन्छन् ।

## ६.५.२ पशुपालन

पशुपालन व्यवसाय कृषिसँग अभिन्न रुपले सम्बन्धित छ । यो पेशा यहाँका माझीहरुको कृषि पछिको महत्वपूर्ण पेशा हो । कृषिको निमित्त प्राङ्गारिक मल प्राप्त गर्न, जमीन जोत्न र मासुका निमित्त र घरायसी समस्याको लागि नगद आम्दानी गर्ने प्रमुख श्रोतको लागि यहाँका माझीहरुले २, ४ वटा गाई, बाख्रा, कुखुरा, सुंगुर, वंगुर आदि पालेको पाइन्छ । बिगत १०/१५ वर्ष अगाडिको अनुपातमा हाल यहाँ पालिएका पशुहरुको संख्या निकै कमी

छ । त्यस समयमा मासुका दृष्टिकोणले सुंगुर प्रशस्त पालिन्थे । यसरी पलिएका पशुहरु नजिकको बजार सिपाधाट, मेलम्ची, दोलालघाट आदिमा लगेर बिक्री गरिन्थ्यो । यसबाट यहाँका माझीहरुलाई केही आर्थिक राहत मिलेको थियो तर अहिले यो स्थिति यहाँ छैन । अपर्याप्त चरण क्षेत्र, मासु बिक्रीका लागि प्रतिस्पर्धात्मक रुपमा अगाडि आउन नसक्नु जस्ता कारणहरुले गर्दा यस क्षेत्रमा माझीहरुको रुची क्रमशः घट्दै गयो । अहिले २, ४ घर परिवार बाहेक अरुले यहाँ सुंगुर पालन गरेको छैनन् । आर्थिक कमजोरीका कारण यहाँका माझीहरुले राम्रो दुध दिने भैंसी किन्न सकेका छैनन् । यहाँ जम्मा ४ माझी परिवारले मात्र राम्रो भैंसी पालन गरी दुध बेचेर केही आम्दानी गरेका छन् । केही माझीहरुले अर्गानिक मलको लागि मात्र दुध नदिने गाई भैंसी पालन गरेका छन् । यस्ता दुध नदिने बस्तुहरु पनि यहाँ हुने खानेहरु मार्फत सित्तैमा प्राप्त गरेका पाइन्छ । यहाँका माझीहरुले विशेष धेरै लगानी र श्रम नलाग्ने कुखुरा, बाखा, बोका आदि पशुपंछी बढी पालन गरेको पाइन्छ ।

यहाँका माझीहरुको पशुपालनको स्थितिलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका नं ९

पशुपंछी औषत संख्या र प्रतिशत

| पशुपंछी | औषत संख्या | घरधुरीको आधारमा औषत संख्या | प्रतिशत |
|---|---|---|---|
| गाई/गोरु | १९१ | २.६१ | १५.६९ |
| भैंसी/राँगा | २० | ०.२७ | १.६४ |
| बाखा/खसी/बोका | ८८ | १.२० | ७.२३ |
| सुंगुर/बंगुर | १० | ०.१३ | ०.८२ |
| कुखुरा | ९०३ | १२.३६ | ७४.१९ |
| अन्य | ५ | ०.०६ | ०.४१ |

*स्रोतः स्थलगत अध्ययन, २०६४*

यहाँका माझीहरुले केही पशुपंछी पालन गरेको पाइन्छ तापनि ब्यावसायिक दृष्टिकोणबाट पशुपंछी भने पालन गरेको पाइन्न । खेतीपातीको प्रयोजनको लागि र बिभिन्न चाडहरुमा मासु खान र बलि चढाउनको लागि मात्र यहाँका माझीहरुले पशुपंछी मालन गर्ने गरेको पाइन्छ । यिनीहरुलाई पशुपालन आम्दानीको राम्रो श्रोत बन्न सकेको छैन् ।

### ६.५.३ ज्याला मजदुरी

ज्याला मजदुरी यहाँका माझीहरुको गुजाराको अर्को प्रमुख स्रोत हो । यहाँका अधिकांश माझीहरु गरिवीको रेखामुनि रहेका कारण आफ्नो उत्पादनले मात्र उनीहरुलाई जीवन धान्न कठिन पर्दछ । तसर्थ उनीहरु बिहान/बेलुका अरुको भारी बोक्ने र दिउँसो आफ्नो खेतबारीमा काम गर्ने गर्दछन् । कुनै कुनै माझीहरु डकर्मी सिकर्मी को काम पनि गर्ने गर्दछन् । हिउँदको समयमा घर, गोठ, विभिन्न भवनहरु बनाउने तथा त्यस्ता भवनहरु बनाउन चाहिने ईट पार्ने, ढुङ्गा खोज्ने आदि काम गरी श्रम बेच्दछन् । यस प्रकारको ज्याला मजदुरी महिला पुरुष दुबैले समान रुपमा गर्ने गरेका पाइन्छ । यद्यपी यस प्रकारको मजदुरीमा समान कामको लागि समान ज्यालाको अवधारणा यहाँ छैन् । पुरुषको तुलनामा महिलालाई कम ज्याला दिइन्छ । आफ्नो ज्याला मजदुरीबाट प्राप्त रकमबाट आफ्नो गर्जो टार्ने गर्दछन् ।

### ६.५.४ रोजगारी

यस वडा मा बसोबास गर्ने माझीहरु मध्ये १५ जनाले रोजगारी पाएका छन् । जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

माझीहरुको रोजगारीको अवस्था

| रोजगारिको किसिम | माझी |
|---|---|
| सरकारी | २ |
| नीजि | १ |
| गैर सरकारी संस्था | १ |
| विदेश | ११ |
| जम्मा | १५ |

*स्रोतः चण्डेनी मण्डन गा.वि.स., काभ्रे गरीबी तथा विकास अनुगमण तथ्याङ्क-२०६४*

यस वडा मा बसोबास गर्ने माझीहरु मध्ये २ जनाले मात्र सरकारी विद्यालयमा रोजगारी पाएका छन् । १ जना महिला नजिकै रहेको संस्थागत विद्यालयमा काम गर्दछिन भने १ जना गैर सरकारी संस्थामा रोजगारी गर्दछिन । यहाँका केही युवा आफ्नो श्रम बेच्न बिदेशियका छन । बाँकी यहाँको श्रम शक्ति मजदुरी, खेती किसानी गर्दछन ।

यसरी समग्रमा हेर्दा यहाँका माझीहरुको परम्परागत पेशामा आधारित आर्थिक स्रोत कम भएकोले उनीहरुको आर्थिक अवस्था सन्तोषजनक नभएको पाइन्छ । त्यसैको फलस्वरुप बिहान बेलुका हात, मुख जोड्न समेत समस्या हुने माझीहरुको संख्या अधिक रहेको छ । यहाँका अधिकांश माझीहरुले एकसरो कपडा पनि ठाउँ ठाउँमा टालेको लगाउनु परेको पाइन्छ । उनीहरुको बार्षिक आम्दानी ज्यादै न्यून रहेको छ । यहाँका माझीहरुमा माथि उल्लेख गरिएका आर्थिक पछौटेपनका कारणहरु भन्दा पनि अन्य कारणहरु पनि रहेका छन् । यस्ता कारणहरुमा बेरोजगार, सरकारी सहयोगको अभाव, विभिन्न चाड पर्वमा गरिने खर्चमा देखासेखि, असन्तुलित परिवार, दैविक प्रकोप, फजुल खर्च आदि रहेको पाइन्छ ।

# अध्याय ७

## सारांश, निष्कर्ष र सुझाव

### ७.१ सारांश

प्रस्तुत सोधपत्रमा माझी जातिको पारिवारिक संरचना, बैवाहिक प्रणाली, पेशा ब्यबसाय र यिनमा आएको परिर्बतनको पक्षमाथि अध्ययन भएको छ । नेपाल भौगोलिक आकारले सानो भएतापनि जातजाति संस्कृतिले भरिपूर्ण संगमस्थालको रुपमा परिचित रहेको पाइन्छ । जातीय हिसावले यो सानो भू-परिवेष्टिक मूलकमा हिमालमा मुख्य गरी शेर्पा, भोटे, थकाली आदि जातिहरु बस्दछन् भने पहाडमा व्राम्हण, क्षेत्री, राई, लिम्वु, गुरुङ्ग, चेपाङ्ग, माझी (बोटे), सुनार, कामी, दमै, सार्की आदि जात-जातिहरु बस्दछन् । त्यस्तै गरी तराई प्रदेशमा थारु, राजपुत, कायस्थ, राजवंशी, मैथली आदि मूख्य रुपमा वसोवास गरेको पाइन्छ ।

परापूर्व कालदेखि नेपालका विभिन्न भाग र हाल नेपालको ६६ जिल्लामा नदी किनारमा वसोवास गर्दै आएका अल्पसंख्यक, माछा मार्ने र डुङ्गा खियाउने पुर्ख्यौली पेशा अपनाएका दयनिय अवस्थामा यी माझी (बोटे) जाति रहेका छन् । यी जातिहरुको अध्ययन गर्दा अध्ययन विधि अन्तर्गत अध्ययनको लागि काभ्रेपलाञ्चोक जिल्ला चण्डेनी मण्डन गा.वि.स वडा नं. २ मा माझीहरुको वसोवास रहेको हुनाले यो वडालाई छनौट गरिएको छ । यस अध्ययनका सूचकहरु प्राथमिक र द्वितीय श्रोतबाट संकलन गरिएको छ । प्राथमिक श्रोतको रुपमा घरधुरी सर्वेक्षण अन्तर्गत अवलोकन जस्ता विधि प्रयोग गरिएको छ । द्वितीय श्रोतको रुपमा विभिन्न प्रकाशित/अप्रकाशित पुस्तक, पत्र-पत्रिकाहरु उपयोग गरिएकाछन् । क्षेत्र विशेषको लागि जातीय क्रियाकलाप फरक हुने तथा समयानुकल परिवर्तन भइरहने हुँदा प्राथमिक श्रोतको तथ्याङ्कलाई नै बढी प्रश्रय दिइएको छ ।

माझी जातिको भाषा भारोपेली परिवारको सुल्य वर्गको भारत-इरानेली वर्गबाट विकसित हुन्दै मागधेली शाखाबाट आएको हो । चण्डेनी मण्डनका बृद्ध माझीहरु माझी भाषामा बोलचाल गर्न सक्दछन भने युवा माझी भाषा बोल्न जान्दैनन् । यिनीहरुको घरवास, खानपिन, कृषि औजार, पहिरन र अन्य सामाग्रीहरु पनि ब्राम्हण/क्षेत्री, तामाङ्ग आदि अन्य जातिहरुसँग पनि मेल खान्छ । मादल, ढोलक, तवला, झ्याली प्रमुख बाजाहरु यस जातिले आफ्नो विभिन्न सामाजिक, साँस्कृतिक क्रियाकलापमा प्रयोग गर्दछन् । यिनीहरु धर्म, देवी-देवता, चाडपर्व, मनोरञ्जन, व्यवहार आदिमा विश्वास लिइएको पाइन्छ । यिनीहरु प्रमुख देवताको रुपमा भिमसेन, वनदेवतालाई मान्दछन् । धामी, झाक्री, तन्त्रमन्त्र, भाकल, भेटी आदि कुराहरुमा यिनीहरु विश्वास राख्दछन् ।

यस गा.वि.स.का माझीहरु कुनै संयुक्त परिवारमा त कुनै एकल परिवारमा बसोबास गर्ने गरेको पाइएको छ । यहाँका माझीहरुको पुरुषका भन्दा महिलाको स्थान विभिन्न पक्षमा कमजोर पाइएको छ । यस जातिमा महिलाका विभिन्न पक्षहरु कमजोर हुनुमा प्रमुख कारण महिलाको शैक्षिक स्थर कम हुनु हो । यहाँका महिलाहरु कुवाको भ्यागुता झैं कृषि, घरगोठ, र भान्छामा मात्र सिमितताले गर्दा नै हो भन्न सकिन्छ । माझी जातिमा नातेदार प्रणाली अन्य जातिको जस्तै पाइएता पनि यिनीहरु सेवा सत्कार र भेदभावमा कुनै पक्षपात पाइदैन । यस जाति आफ्नो सामाजिक समस्या सकभर आन्तिरिक रुपबाट नै मिलाउन लागि पर्दछन् ।

यस समाजमा  आपत विपतमा एकले अर्कालाई सहयोग गर्ने व्यवस्था पनि प्रचलनमा पाइन्छ । जसले गर्दा सामाजिक समन्वय सहयोग र सद्भाव प्रगाढ देखिन्छ । यिनीहरु निजी स्वार्थलाई भन्दा सामाजिक हितलाई प्राथमिकता दिएर काम गर्दछन् । आफ्नो समुदाय भित्र आपसी अैचोंपैचों लेनदेन तथा पर्म श्रम साटासाटको सहज आदन प्रदान हुन्छ । विभिन्न चाडपर्व र पूजा-आजामा जम्मा भएर रमाइलो गर्ने जस्ता कारणले सामुदायिक भावना उच्च रहेको पुष्टि गर्छ ।

आर्थिक विपन्नता र वैचारिक वेमेलको कारण संयुक्त परिवारको ढाँचा विस्थापित हुदै एकात्मक परिवारिक स्वरुपले स्थान लिएको देखिन्छ । छोरा-छोरीमा खास विभेद नरहे पनि अंशको हकमा तथा वंश निरन्तरताको प्रतिकको रुपमा छोराको उच्च मूल्याङ्कन हुन्छ ।

नेपालका विभिन्न जिल्लामा फैलिएर वसोवास गरेका माझीहरुको आफ्नै मौलिक सामाजिक रहनसहन, व्यवहार र धार्मिक भावनाका प्रचलनहरु रहेका पाइन्छ । यस्तो प्रचलन चण्डेनी मण्डनका गा.वि.स.का माझीहरुमा पनि पाइन्छ । जस अन्तर्गत नवजात शिशुको भाग्य लेख्नको लागि बच्चा जन्मेको छैटौं दिनमा भावी आउँछ भन्ने विश्वास गरेर माझीहरु नाचगान गरेर रातभर जाग्राम वस्दछन्, जसलाई छैटी भनिन्छ । त्यस दिन दाजु भाई, इष्टमित्रलाई खानपिन गर्ने चलन छ । बच्चा जन्मेको ५ दिनदेखि ११ दिनमा बच्चाको नामाकरण (न्वारान) गरिन्छ । यसरी नामाकरण गर्दा बच्चा जन्मेको ठाउँ, वार, जन्मेको आधार बनाएर गरिन्छ, जस्तो आइतबार जन्मेको आइते, सोमवार जन्मेको सोमे, चैतमा जन्मेको चैते आदि । आधुनिकताले छाएको समयमा यस्तो प्रचलनमा कमि आएको छ । माझीहरुको छोराको ६ महिना र छोरीको ५ महिनामा अन्नप्रासन (भात खुवाउने) गर्ने परम्परा छ । नयाँ कपडा, तामाका बाला र टीका लगाएपछि भात खुवाई सम्पन्न हुन्छ ।

यी जातिमा विवाह आफ्नै जातमा गरिन्छ । हाड नाता भित्र विवाह गर्न यस जातिमा पनि बञ्चित छ । पहिले दाजु मरेपछि भाउजु स्याहार्ने चलन भए पनि आजकल यो मान्यता स्थापित हुन सकेको छैन । अन्य जातिसँगको विवाह यस समुदायमा अमान्य छ । यस जातिमा पोइल जानु र बहुपत्नी राख्नुलाई नराम्रो मानिदैन । आजकल यो प्रथामा कमि आएको छ । आजकल बाबु आमाले छोराछोरीको विवाहको टुङ्गो गर्ने भन्दा पनि केटाकेटी आफैंहरु मञ्जुर भएर प्रेम विवाह अथवा चोरी विवाह गर्ने प्रचलन बढिरहेको छ । चोरी विवाहमा केटीका बाबु आमाले टीका नलगाई दिएसम्म छोरी कन्या नै भएको ठानिन्छ ।

माझी जातिको मृत्यु संस्कारमा मरेको व्यक्तिलाई हरियो वाँसको डण्डीमा लास बाँधी खोलामा लगेर अन्तेष्टी गरिन्छ । माझी जातिको क्रिया विधी बाहुन, क्षेत्री जातिको जस्तै धेरै कुरामा मिल्दछ । मृतक माझीका छोराहरुले १० दिन सम्म एक छाक मात्र खाएर क्रिया बस्दछन् । क्रिया बस्नेले नसिलाएको सेतो कपडा लगाउनु पर्दछ । मृतकका दाजु भाईहरुले दश दिन सम्म नुन बार्नु पर्दछ । मृत्यु भएको १० औं दिनको दिनमा मृतकका ज्वाइँले क्रिया विधि गराउँदछन् । मलामी जानेहरुलाई यही दिन चोख्याउने गरिन्छ । मलामी जानेलाई चोख्याउन  तील र जौं छुवाई जाँड छर्किने गरिन्छ । छोरा तथा दाजु भाईहरुलाई चोख्याउन तोरीको पिनाले नुहाउनु पर्दछ । यस कामको लागि जाँड, रक्सी, माछा, मासु अनिवार्य चाहिन्छ ।

माझी जातिमा क्रिया गरिसकेपछि मृतकको नाममा बरखी गर्ने चलन छ । बरखी (पितरा) गर्दा नाचगान गर्ने चलन छ, जसले गर्दा मृत आत्मा स्वर्ग पुग्दछन् भन्ने बिश्वास गरिन्छ । तिहारको भाइटीकाको तेस्रो दिन देखि दशैंको टीकाको दिनसम्म मरेका मानिसहरुको बरखी दशैंको टीकाको दोस्रो दिन र दशैंको टीकाको तेस्रो दिनदेखि तिहारको भाइटीकाको दिन बीचमा मरेका मानिसहरुको पितरा भाइटीकाको दोस्रो दिन गरिन्छ ।

माझी जातिमा रहेका प्रमुख सामाजिक संस्कारहरु अन्य जातिहरुसँग मेल खाए तापनि उनीहरुको सामाजिक संस्कारको आफ्नै परिचय छ भन्न सकिन्छ । माझी जातिको संस्कार एवं संस्कृतिमा विद्यमान केही विचित्र कुराहरु पनि पाईन्छन् । माझीहरु रातमा एक्लै माछा मार्न जाँदा फलामे गोटी मुखमा हालेर हिड्ने गर्दछन् । यसो गर्दा भूत, प्रेत, पिसाच आदिले दुःख दिन सक्दैन भन्ने यस जातिमा विश्वास रहेको छ ।

काभ्रेपलाञ्चाके जिल्लामा रहेका माझी जातिको कूल संख्या १७२३ जना रहेका छन् भने यी जातिहरुको वसोवास एकै ठाउँमा नभएर विभिन्न ठाउँमा वस्दै आएको पाइन्छ । २०५८ सालको जनगणनाले १२ वटा गा.वि.स.मा रहेको कुरालाई देखाएको छ । यस चण्डेनी मण्डन गा.वि.स. वडा नं.२ मा रहेका माझीहरुको कुल जनसंख्या २७५

(७.१०%) छ । यस जिल्लाका ८५ गा.वि.स.मा कुनै माझी परिवार छैन । यस गा.वि.स.मा रहेका माझी मध्ये १७ पुरुष र ९ महिलाले मात्र एस.एल.सी  पास गरेका छन् । त्यस मध्ये १ पुरुष नि.मा.वि. तहको सरकारी स्कूलका प्र.अ. हुनुहुन्छ भने १ जना महिला बोर्डिङ्ग स्कूलमा पढाउदछिन् । केही युवाहरु वैदेशिक रोजगारका लागि विदेशीएका छन् । अन्य जनसंख्या स्वदेशमा नै रहेर ज्याला मजदुरी गर्दछन् ।

समाजमा माझीहरुको आफ्नै सामाजिक एवं साँस्कृतिक परम्परा तथा संस्कारहरु छ । हाम्रो जस्तो देशमा साना जन-जातिका भाषा संस्कृति विस्तारै लोप हुँदै जानु त्यति नौलो कुरा मान्न सकिदैन तर सम्पूर्ण भाषा संस्कृतिको उचित संरक्षणको लागि संविधानमा आवश्यक व्यवस्था भैसकेको परप्रेक्षयमा लोप हुँदै जान लागेको माझी जन-जातिको भाषा, संस्कृति, आर्थिक, सामाजिक, राजनैतिक तथा धार्मिक पक्षहरुको संरक्षण एवं सम्वर्द्धन गर्न सवैको प्रयास हुनु आवश्यक छ ।

## ७.२ निश्कर्ष

काभ्रेपलाञ्चोक जिल्लाको चण्डेनी मण्डन गा.वि.स.मा रहेका माझी जातिको पारिवारिक संरचना, बैवाहिक प्रणाली, पेशा ब्यबसाय र यिनमा आएको परिर्बतन एक अध्ययनबाट निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

### ७.२.१ शिक्षाको अभाव

काभ्रेपलाञ्चोक काठमाडौंबाट नजिकको जिल्ला भएता पनि शिक्षाको राम्रो व्यवस्था भएको छैन । यहाँ प्रायः प्राथमिक स्तर सकेपछि आर्थिक स्तर कमजोर हुनका कारण आफ्नो सन्तानलाई स्कुल पठाउने इच्छा हुँदाहुदै पनि पठाउन सकेका छैनन् । जसबाट यहाँका बालबालिका शिक्षाको घामबाट टाढिन पुगेका छन् । स्कूल जाने उमेरका बालबालिकाहरु पनि श्रममूलक पेशामा संलग्न भएका छन् । भोलिको जनशक्तिको रुपमा रहेका

बालबालिका शिक्षाको न्यानोपनाबाट टाढा हुनुले देशका साथै उनीहरुको सिप सिक्ने, ज्ञान आर्जन गर्ने र त्यसबाट आम्दानी गर्ने जस्ता मौकाबाट बञ्चित भएको देखिन्छ । त्यसबाट अलग हुनु भनेको आर्थिक मात्र नभई सामाजिक परिवर्तनको बाधक बन्न पुग्दछ ।

### ७.२.२ मेहनती तर आर्थिक पछौटेपन

यहाँको माझी जातिहरु निकै परिश्रम गर्दछन् । यिनीहरुको अधिकांश समय श्रममूलक कार्यमा खर्च हुन्छ तर पनि आर्थिक पिडाले मर्माहत छन् । दैनिक श्रमबाट प्राप्त आम्दानीले जीवन धान्न धौ-धौ परेको छ । अधिकांशसँग सम्पत्तिको नाममा रहेको जग्गा पनि न्यून छ, जसको उत्पादनले २/४ महिनामात्र खान पुग्छ । सीप सिक्ने अवसर नहुँदा सवैले कृषि र ज्यालदारी पेशामा नै रुमल्लिएर आर्थिक विपन्ताको पराकाष्ट भोग्नु परको छ । श्रमको उचित मूल्याङ्कन नहुँदा यो समुदायको जीवनस्तर माथि उठ्न सकिरहेको छैन ।

### ७.२.३ विकासको पूर्वाधार र सामाजिक परिवर्तनको अभाव

यस जातिको हितमा र उत्थानमा कुनै पनि संघसंस्थाहरु सक्रिय छैनन् । विकासको पूर्वाधारको रुपमा रहेको शिक्षा, स्वास्थ्य, सडक, संचार आदिको उपभोगको दयनीय अवस्थाले गर्दा पनि यस जातिले आफ्नो सामाजिक परिवर्तन गर्न सकेको छैन् । साथै माझी जातिहरु अझ पनि रुढिग्रस्त मानसिकताबाट माथि उठ्न नसक्नुले पनि सामाजिक रुपान्तरणमा बाधा पुऱ्याएको छ । जस्तै विरामी पर्दा धामीको विश्वासमा रहनु, सरसफई सम्बन्धी चेतनाको स्तर नउठ्नु, जाँडरक्सीको अत्यधिक प्रचलनले उत्पादनको ठूलो हिस्सा यसमा खर्च गर्नु, चाडपर्व, पूजाआजा र मनोरञ्जनको नाम फजूल खर्च गर्नु, पराश्रित

मानसिकतालाई त्याग्न नसक्नु साथै मिलनसार, सोझो र अन्तरमुखी स्वभावको हुनुले पनि समाजको मुहार परिवर्तन गर्ने अभाव खड्किएको छ ।

### ७.२.४ आर्थिक पछौटेपन

यस जातिमा पनि आर्थिक पिडाको छटपटी भईरहेको कुरा पाईन्छ । जहाँ आफ्नो दैनिक श्रमबाट प्राप्त हुने आम्दानीले जीवन धान्न धौ-धौ परेको पाइन्छ । नेपाल जस्तो अल्पविकसित राज्यको सम्पत्तिको रुपमा रहेको जग्गा जमिनको मात्रा अत्यन्त न्यून रहेको पाइन्छ । त्यसरी नै अधिकांश परिवार कृषि र अन्य ज्यालादारी गरेर जीवन गुजारी रहेकोले पनि आर्थिक विपन्नता विद्यामान रहेको मेहनती भएर पनि परम्परागत विधि र अवस्थाबाट माथि उठन नसकेको पाइन्छ ।

### ७.२.५ सामाजिक परिवर्तनको अभाव

माझी जातिका आफ्नै किसिमको सामाजिक संस्कार भएकोले पनि समयानुसार आफुलाई परिवर्तन गर्न नसकिरहेको कुरा कसैसामु लुकेको छैन । सामाजिक परिवर्तनको रुपमा रहेको शिक्षा अत्यन्त न्यून रहेको कारणबाट पनि परम्परागत संस्कार, रितिरिवाजलाई परिमार्जन गर्न नसकिरहेको पाइन्छ । अझै पनि अन्तरजातिय विवाहलाई घृणा गर्नु, भाउजुलाई अगाल्नु आदि पर्दछन् । मिलनसार सरल र सुधो जाति भएर पनि समाजको राजनैतिक, आर्थिक आदि कार्यमा पछाडि नै रहेकाले पनि समाजको मुहारमा परिवर्तनको अभाव खड्कीरहेको पाइन्छ ।

# सन्दर्भ सामाग्रीहरु

## नेपाली पुस्तकहरु


अधिकारी ,जगन्नाथ ( २०६१ ) वैदेशिक रोजगार  र गरिवी न्यूनिकरण : सम्भावना र चुनौति, नेपालमा गरीवीको वहस,काठमाण्डौको मार्टिन चौतारी ।

आचार्य, बाबुराम, (२०२२) नेपालको संक्षिप्त वृतान्त, काठमाण्डौं जोर गणेश प्रा.लि. ।

आचार्य , बलराम ( २०६२ ) सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण, नेसनल वुक सेन्टर काठमाण्डौ ।

ओभ्का, नेत्र (२०६३ ), समाजका ढाँचाहरु, एकेडेमिक पुक सेन्टर, काठमाण्डौ

आले मगर, सुरेश, (२०५४) नेपालको जातीय समस्या र समाधानको बाटो, (काठमाण्डौं : केन्द्रिय तदर्थ समिति अखिल नेपाल जनजाति महासंध)

आर.डि. र एल. एल. नेपालका विभिन्न जाती र लोक गीत एक परिचय, (जगदम्बा प्रकाशन ,ललितपुर) ।

कानून किताव व्यवस्था समिति ( बबरमहल, श्री ५ सुरेन्द्र विक्रम शाहको पालामा बनेको मुलुकी ऐन (वि.स.२०२०) ।

केन्द्रिय तथ्याङ्क विभाग ( २०६४/६५ ), तथ्याक्त गतिविधि , वर्ष २९ पूर्णाङ्क ९१ अंक २, नेपाल ।

गौतम, टीकाराम ( २०६२ ), सामाजिक अनुसन्धान पद्यति ,विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौ ।

वोहरा रामेश्वर ( २०६६ ), परिवार शक्ति , हिमाल पाक्षिक, काठमाण्डौ १-३१ असोज ।

मिश्र,चैतन्य( २०६२ )पुँजीवाद र नेपाल, मूयाङ्कन प्रकाशन गृह, काठमाण्डौ ।

मिश्र, चैतन्य (२०६६),परिवर्तनको धारमा परिवार, हिमाल पाक्षिक,काठमाण्डौ, १-३१ असोज ।

राष्ट्रिय योजना आयोग (२०४६ ),तीन वर्षीय अन्तरीम योजनाको आधार पत्र, नेपाल ।

त्रवाली, दीपब ( २०६१ ) हामी किन गरीब ?, नेपालमा गरिबको वहस, काठमाण्डौ, मार्टिन, चौतारी ।

शर्मा (कँडेल ), देविप्रसाद (२०५१), आधुनिक नेपालको इतिहाँस , काठमाण्डौ रत्न पुस्तक भण्डार ।

तामाङ, सिताराम, मार्क्सवाद र नेपालमा जनजाति आम्दोलन, (काठमाण्डौं, प्रगति पुस्तक सदन), वि.सं २०५६ ।

नेपाल अधिराज्यको संक्षिप्त परिचय, (काठमाण्डौं, श्री ५को सरकार सूचना संचार मन्त्रालय, सूचना विभाग, २०५५) ।

न्यौपाने, गोविन्द (नेपालको जातिय प्रश्न , सेन्टर फर डेभलपमेन्ट स्टडिज) सन २००० ।

पपुलर मानेग्राफ अफ नेपाल, राष्ट्रिय जनगणना आयोग (केन्द्रिय तथ्याङ्क विभाग, थापथली) ।

पिछडिएका जाति तथा जनजातिको सामाजिक तथा आर्थिक सर्वेक्षण सम्वन्धी हत्तययन प्रतिवेदन, (काठमाण्डौं, श्री ५ को सरकार श्रम तथा सामाजिक कल्याण मन्त्रालय) वि.सं. २०४२ ।

पोखरेल, बालकृष्ण राष्ट्रभाषा, (ललितपुरः साझा प्रकाशन ) २०३६ वि.सं. ।

पोखरेल, ईश्वरप्रसाद (२०५९) माझी जातिको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था (शोध पत्र ) समाजशास्त्र मानव शास्त्र, पाटन संयृक्त क्याम्पस ।

शर्मा, जनकलाल हाम्रो समाज एक अध्ययन, (ललितपुर, साझा प्रकाशन) वि.सं. २०३१ ।

सम्पादक मण्डल (बृहत नेपाली शब्द कोष, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान काठमाण्डौं) वि.स.२०४० ।

## अंग्रेजी पुस्तकहरु

Bista, Dor Bahadur, people of Nepal, (Kathmandu: Ratna Pustak Bhandar) AD1996.

Dwivedi Pashupati Kumar (1975) -Nepalese Society.

## पत्र-पत्रिकाहरु

काभ्रेपलाञ्चोक जिल्लाः एक चिनारी, जिल्ला विकास समितिद्धारा प्रकाशित, २०६१ वि.स. ।

कुमार, यमेश पूर्वी नेपालका माझी जातिको एक संस्कृति , हाम्रो संस्कृति बर्ष ३, अंक ३. नेपाल ज्ञानमणी, माझी गाँउमा संस्थाहरु सक्रिय, संजिवनी पत्रवर्ष २ अंक १० ।

कोइराला, शंकरप्रसाद "कोशी प्रदेशका माझी जाति" प्राचीन नेपाल संख्या-३ (बैशाख, २०२५)

सत्याल, शंकरप्रसाद, माझी जातिको संस्कृति, उषा वर्ष ५, अंक १ ।

प्रतिवेदन र शोधपत्रहरु

कडेल, राजनऋषि, “रामेछाप जिल्ला चिसापानी गा.बि.स.का माझी जातिको सामाजिक सांस्कृतिक पक्षः एक अध्ययन,” समाजशास्त्र केन्द्रीय बिभागमा प्रेसित, स्नातकोत्तर शोधपत्र, २०५५ ।

नेपाल, अरुण, “सिन्धुपाल्चोक जिल्ला पाङ्ग्रेटार गा.वि.स. का माझी जातिको सामाजिक तथा सांस्कृतिक जीवन”, समाजशास्त्र केनद्रीय विभागमा प्रेसित, स्नातकोत्तर शोधपत्र, २०५९ ।

पोखरेल, ईश्वरी प्रसाद, “सर्लाही जिल्ला भक्तिपुर गा.बि.स.का माझी जातिको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्था,” समाजशास्त्र बिभाग पाटन संयुक्त क्याम्पसमा प्रेसित, स्नातकोत्तर शोधपत्र, २०५९ ।

प्याकुरेल, विजया, “माझी जातिको सामाजिक -सांस्कृतिक अध्ययन,” समाजशास्त्र केन्द्रीय विभागमा प्रेसित, स्नातकोत्तर शोधपत्र, २०४७।

लामा, प्रेमध्वज, “सिन्धुपाल्चोक जिल्ला भीमटार गा.बि.स.का माझी जातिको सामाजिक आर्थिक तथा सांस्कृतिक पक्ष एक समाजशास्त्रीय अध्ययन,” नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा प्रेसित, स्नातकोत्तर शोधपत्र, २०५९ ।

अन्य

काभ्रेपलाञ्चोक जिल्ला विकास समितिद्वारा प्रकाशित माझी जाति सम्बन्धी तथ्याङ्कहरु ।

“महिला तथा वालवालिकाका लागि विकेन्द्रित कार्यक्रम,” गैर सरकारी संस्था महासंघ काभ्रे, २०६१ ।

गैर सरकारी संस्था महासंघ काभ्रेद्वारा माझी जाति सम्बन्धी प्राप्त तथ्याङ्कहरु ।

चण्डेनी मण्डन गा.वि.स.कार्यालयबाट माझी जाति सम्बन्धी प्राप्त तथ्याङ्कहरु ।

विभिन्न समयमा माझी जातिका सम्बन्धित व्यक्तिहरुसगँ लिइएको अन्तवार्ताहरु ।

## माझी जातिले प्रयोग गर्ने केही शब्दावलीहरु र तिनको अर्थ

कुरी : जालले घेरेर किरिया पुत्री बस्न बनाएको ठाँउ

मुख जुठ्याउने : वालक/वालिकालाई भात खुवाउने काम, पास्नी

खौलो : सरातमा चामल, पैसा, र बलेको वत्ति राख्ने ठाँउ

घाट पूजा : माझीहरुले डुङ्गा तार्ने ठाँउमा गरिने पूजा

घाट पाथी : विनाशुल्क घाट तारे वापत माझीहरुले स्थानीय व्यक्तिहरुसँग अन्नपात उठाउने काम

चौतारी घाट : माझीहरुले मानि आएको पितृलोक, पितृ बस्ने ठाँउ

जारी : विवाहित आइमाइलाई भगाएर ल्याउने भगाएर ल्याउने केटाले पहिलो लोग्नेलाई तिर्नुपर्ने रकम

देउसी भाग : देउसी खेलीसकेको केही दिन पछि सबै जना जम्मा भएर जाँड खाने काम

डावा वा : मागी विवाहमा केटी पक्षकाको माग अनुसार केटा पक्षबाट खसी, माछा
डोकी कोशेली सहित अठोट लगाउन जाने काम

फुलौरे पर्व : माघे संक्रान्ती, फुलौरा खाने चाड

भात खैरे : विवाहमा जन्तीको संख्यावारे जानकारी दिन केटा पक्षबाट बेहुला भन्दा केही अघि जाने मानिस

भावी जगाउने : बालक जन्मेको छैठौं दिनमा गरिने उत्सव

भित्री मिसाउने : देवाली पूजामा दाजुभाइले मीठो खानेकुरा मिसाउने काम

रित बुझाउनु : चोरी विवाहमा केटी पक्षकाले स्वीकृती दिएपछि उनीहरुको माग अनुसार केटा पक्षबाट आवश्यक सामान सहित जन्ती जाने काम

सारत : मृत आत्माको प्रथम पुन्य तिथी, बरखी, श्राद्द

# जिल्लाकाभ्रेपलाञ्चोक जिल्लाको नक्शा



# परिशिष्ट

## परिशिष्ट (क)

तथ्याङ्क संकलनको क्रममा घर सर्वेक्षण गर्दा प्रयोग गरिएको प्रश्नावली फारामको नमूना

१. घर संख्याः-

२. घरमूलीः-

क) नामः-

ख) लिङ्गः- ग) उमेरः-

घ) धर्मः- ङ) पेशाः-

च) शिक्षाः-

अ) लेखपढ गर्न जान्नेः- आ) लेखपढ गर्न नजान्नेः-

३. घर परिवार संख्याः-

४. विस्तृत रुपमा पारिवारिक विवरणः-

पारिवारिक विवरण

| क्र.सं. | नाम | उमेर | लिङ्ग | घर मुलिसँगको सम्बन्ध | विवाहित/ अविवाहित | शिक्षा | धर्म | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

५. तपाईको आफ्नो जमीन ?

अ) छ आ) छैन्

६. छ भने कति छ ?

| क.सं. | जमीनको प्रकार | जमीन/रोपनीमा | कैफियत |
|---|---|---|---|
| | खेत | | |
| | बारी | | |
| | पाखो | | |

७. तपाईको जमीनबाट कुन कुन प्रकारको अन्न उत्पादन गर्नुहुन्छ ?

| क.सं. | उत्पादित बालीहरु | कूल उत्पादन (मुरीमा) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

८. तपाईले अरुको जमीन कमाउनु भएको

अ) छ आ) छैन ?

९. खेतीबाट परिवार धान्न

अ) पुग्छ आ) पुग्दैन

१०. पुग्दैन भने के के गर्नुहुन्छ ?

अ) अरुको जग्गा कमाउने आ) ज्याला मजदुरी गर्ने

इ) अन्य कुनै भए लेख्नुहोस्

११. कति महिना खेतीभन्दा बाहेकको कामबाट परिवार धान्नु हुन्छ ?

१२. तपाई बिरामी परेको अवस्थामा घरेलु समस्या कसरी समाधान हुन्छ ?

अ) झार फुक गर्ने आ) स्वास्थ्य चौकी लग्ने

१३. तपाईको परिवारको महिलाहरुबाट परिवार धान्नको लागि के कस्तो सहयोग पुग्ने गरेको छ ?

१४. तपाई कुन कुन पशुपंक्षी पाल्नु हुन्छ ?

| क्र.सं. | जमीनको प्रकार | जमीन/रोपनीमा | कैफियत |
|---|---|---|---|
| | गाई | | |
| | गोरु | | |
| | भैंसी | | |
| | बाख्रा | | |
| | सुँगुर | | |
| | अन्य | | |

१५. पशुपंक्षीहरु कुन प्रयोजनको लागि पाल्नु हुन्छ ?

क. मासु खाको लागि

ख. बेचविखन गरी घरेलु समस्या समाधानको लागि

ग. अन्य

१६. तपाईको बाबु/बाजेको जमीन कति थियो होला ?

| क्र.सं. | जमीनको प्रकार | जमीन (रोपनीमा) | कैफियत |
|---|---|---|---|
| | खेत | | |

| | | | |
|---|---|---|---|
| | बारी | | |
| | पाखो | | |

१७. तपाईको पुर्खाको भन्दा तपाईको अधिनमा जमीन घटी वा बढी के छ ?

अ) घटी आ) बढी

१८. तपाईको परिवारको अन्य आयस्रोत के के हुन् ?

अ) खेती आ) पशुपालन

इ) मजदुरी ई) कृषि जन्य घरेलु व्यवसाय

उ) माथिका बाहेक र थप अन्य (खुलाउनुहोस्)

१९. मजलदुरी काम गर्नको लागि कहाँ सम्म पुग्नु हुन्छ ?

२०. एक दिन काम गरेको ज्याला कति पाउनु हुन्छ ?

२१. महिला र पुरुषको बीचमा ज्यालाको अन्तर के छ ?

२२. घरेलु व्यवसाय संचालन गर्नको लागि के सामान प्रयोग गर्नु हुन्छ ?

२३. यी सामानहरु जंगलमा सजिलैसँग

अ) पाइन्छ आ) पाइदैन ?

२४. पुर्खा देखि चल्दै आएको चलन धान्न तपाईलाई कतिको गाह्रो भएको छ ?

२५. न्वारान, छेवार विवाह व्रतबन्ध आदि काज-क्रिया गर्ने सवालमा तपाईको पुर्खाको समयमा र अहिले तपाईको समयमा के फरक पाउनु भएको छ ?

२६. अन्त्यमा जातिको बारेमा केहि थप प्रकाश पारिदिनुहोस् ।

परिशिष्ट (ख)

**विशेष व्यक्तिसँग सोधिने प्रश्नावली**

१. उत्तरदाताको नामः- उमेरः-

ठेगनाः- पेशाः-

२ तपाईलाई आफ्नो जातिको किंवदन्तीबारे केही थाहा भए बताइदिनु हुन्छ कि ?

३ तपाईहरुको र यहाँका अन्य समुदायहरुसँग कस्तो सम्बन्ध छ ?

४ तपाईहरुको समुदायमा झगडा भएमा कसरी समाधान गर्नुहुन्छ ?

५ तपाईहरुको मुख्य खाना, भाडावर्तन, पहिरन के-के हुन ?

६ बच्चा जन्मदा के गरिन्छ, नामाकरण कसरी हुन्छ ?

७ तपाईहरु समुदायमा बच्चाको पास्नी, छेवार जस्ता के-के कार्य गर्नु हुन्छ ?

८ तपाईहरुको जातिमा कसैको मृत्यु हुदाँ कस्ता विधि अनुसार काजक्रिया गरिन्छ ?

९ सरात भनेको के हो ? यो कसरी मनाइन्छ ?

१० तपाईहरुको मुख्य चाडपर्व के-के हुन ? कसरी मनाइन्छ ?

११ तपाईहरुको समुदायमा कुन-कुन देवताको पूजा गर्नुहुन्छ ? बिस्तारमा बताईदिनुहोसन् ।

१२ तपाईहरु धामी, झाक्री र भूत-प्रेतमा कस्तो विस्वास गर्नुहुन्छ ? किन ?

१३ तपाईहरुको जातिभित्र सरसहयोग, ऐचोपैचो कत्तिको चल्दछ ?

१४ तपाईहरु संगोलमा बस्न मन पराउनुहुन्छ कि छुट्टिएर ?

१५ तपाईहरुको पूर्ख्यौली पेशा, खान-पान, भाषा, व्यवहार र जीवनशैलीमा के-कस्ता परिवर्तन पाउनु भएको छ ?

१६ तपाईहरुको आर्थिक अवस्थामा पहिले र अहिलेमा कस्तो परिवर्तन भएको छ ?

१७ तपाईहरुको समुदायले भोलिरहेको मुख्य समस्याहरु के-के हुन ? यसको समाधानको अपेक्षा कसरी गर्नुभएको छ ?

१८ तपाईहरुको समुदायमा छोरा जन्मदा खुशी मान्छन कि छोरी जन्मदा ?

१९ तपाईहरु मनोरञ्जन कसरी गर्नु हुन्छ ?

२० तपाईहरुको समुदायमा मिजारको स्थान कस्तो रहेको छ ?